*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६२
नेपाल सम्बत् ११३८
इस्वी सम्बत् २०१८
बिक्रम सम्बत् २०७५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**2562 BAISAKH FULL MOON DAY**

**30th APRIL 2018**

| वर्ष- ३६ | अङ्क- १ | बैशाख पुन्हि | वैशाख २०७५ |
|---|---|---|---|





अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा-खोज्दै । मेरो हरेक जन्म दु:खमय भएर बित्यो । हे गृह निर्माण गर्ने बुद्धि हो ! अब मैले तिमीलाई देखिसकैं, फेरि तिमीले गृह बनाउन सक्ने छैनौ । घर बनाउनको लागि प्रयोग गरिने तिम्रा सरसामान सबै भाँचिदिएँ । घरको धुरी पनि खसालिसकैं । मेरो चित्त अब संस्काररहित भई तृष्णाको विनाश भइसक्यो ।

प्रव्रजित भएर गर्नुपर्ने कामलाई दृढतापूर्वक गर । शिथिल स्वभाव हुने परिव्राजकले आफ्नो मनमा चित्तमल (क्लेश) झन बढाउँदै लाने गर्छ ।

खराब काम नगर्नु नै वेश । खराब काम गर्दा पछुतो हुन्छ । राम्रो काम गर्नु नै वेश, जुन काम गर्नाले पछि ताप हुँदैन ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# भगवान् बुद्धले दिनुभएको सान्दर्भिक शिक्षा

सिद्धार्थ कुमारले आजभन्दा २६०७ वर्षअगाडि वैशाख पूर्णिमाको दिन बुद्धगयाको बोधिवृक्षमुनि बोधिज्ञान प्राप्त गर्नुभई भगवान् बुद्ध हुनुभयो। आफूले प्राप्त गरेको ज्ञान सर्वसाधारण मानिसहरूलाई पनि सिकाई बढीभन्दा बढी मानिसहरूको सांसारिक एवं मानसिक दुःख हटाउने उद्देश्य लिनुभएका भगवान् बुद्धले ४५ वर्षसम्म गाउँ-गाउँ र नगर-नगर घुम्दै ज्ञान बाँड्नुभयो। ती ज्ञानहरूमा आध्यात्मिक एवं भौतिक सुख प्राप्त हुने अमूल्य शिक्षाहरू गाभिएका छन्। 'त्रिपिटक' अन्तरगतका 'अभिधर्म पिटक' मा अति शूक्ष्म एवं गम्भिर आध्यात्मिक शिक्षा समावेश भएका छन्। यसरी भगवान् बुद्धले चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग एवं प्रतित्य समुत्पादजस्ता अमूल्य आध्यात्मिक ज्ञानहरू पनि हामीसामु प्रस्तुत गर्नुभएको छ। यी शूक्ष्म र गम्भिर ज्ञान मात्र होइन उहाँले हाम्रो वर्तमान जीवन स्वस्थ र सुखी बनाउने सान्दर्भिक ज्ञान पनि सिकाउनुभएको छ। ती मध्ये केही ज्ञानलाई यसरी प्रस्तुत गर्न सकिन्छ–

– मानिसहरूले आफ्नो जीवन सुखमय बनाउनको लागि सर्वप्रथम आआफ्नो कर्तव्य इमान्दारीपूर्वक पालना गर्नुपर्दछ। बेइमानी नबनी विश्वासपात्र र इमान्दार हुनु अति नै जरुरी छ। यसको लागि 'पञ्चशील' नबिराइकन पालना गर्नै पर्दछ। 'पञ्चशील' प्रार्थना गर्नको लागि मात्र होइन यसलाई हामीले आफ्नो दैनिक जीवनमा अनिवार्य रूपमा अभ्यास गर्न जरुरी छ; किनभने यस नियमलाई पालना गरेमा मात्र यसको सुखदायी फल प्राप्त हुने प्रकृतिको नियम नै हो।

– भगवान् बुद्धले भन्नुभएको छ, "आरोग्या परमा लाभा"। हाम्रो जीवनको ठूलो लाभ भन्नु नै निरोगी भएर जीउन पाउनु हो; किनभने रोगी मानिसले आफ्नो जीवनमा शारीरिक र मानसिक सुख प्राप्त गर्न सक्दैन। निरोगी बन्नको लागि सर्वप्रथम खानपानमा ध्यान दिनु जरुरी छ। आफ्नो स्वास्थ्यलाई अनुकूल हुने खाना मात्र खाने र पिउने गर्नु बुद्धिमानी हुनेछ। यसको लागि सर्वप्रथम पानी शुद्ध राख्न जरुरी छ। त्यसैले भगवान् बुद्धले उहाँको जीवनकालमा भिक्षुहरूलाई आधारभूत आवश्यकता परिपूर्ति गर्नको लागि ८ वटा चीजहरू सधैँ आफ्नो साथमा राख्नको लागि सल्लाह दिनुभएको थियो। ती ८ वटा चीजहरूमा पानी छान्ने वस्तु पनि गाभिएको छ। त्यस बेला खोला, कुवा, इनार र नदीको पानी पिउनुपर्ने भएको कारणले पनि होला पानी छान्ने एउटा कपडा सधैँ साथमा राख्न उहाँले सल्लाह दिनुभएको। आजभोली त प्रदूषित वातावरणको कारणले पनि पानी अझ प्रदूषित हुन पुगेको छ। त्यसैले धेरैजसो मानिसहरूले आफ्नो क्षमताले भ्याएसम्म उमालेर सेलाएको पानीलाई फिल्टर गरेर मात्र पिउने चलन भइसक्यो। जे होस्, शुद्ध पानी मात्र पिउनुपर्ने सल्लाह त २६०० वर्षअगाडि नै भगवान् बुद्धले दिनुभएको सान्दर्भिक नै रहेको देखियो।

– खाने पानी मात्र होइन हामीले प्रयोग गरिरहेको सिरक, डसना, तकिया पनि समय-समयमा घाममा सुकाउनुपर्ने सल्लाह भगवान् बुद्धले दिनुभएको छ। जसले गर्दा धुसी र ओसिएको स्थानबाट उत्पन्न हुने कीटाणुहरूबाट बच्न सकिने छ।

– हामीले खानाको लागि प्रयोग गर्ने भाँडाकुँडाहरू राम्ररी सफा गरी घाममा सुकाउने गर्नुपर्दछ। जसले गर्दा ती भाँडाकुँडामा नदेखिने गरी उत्पन्न भइरहेका हानीकारक कीटाणुहरू नाश हुनेछन्। त्यसैले बुद्धकालिन समयका भिक्षु-भिक्षुणीहरूले आफूले प्रयोग गरेको पिण्डपात्र पखालिसकेपछि घाममा सुकाउने गर्नुहुन्थ्यो।

– त्यति मात्र होइन भगवान् बुद्धले भिक्षुहरूलाई आफ्नो वासस्थानको भित्र र बाहिर कुचो लगाई दिनहुँ सफा गर्नुपर्ने शिक्षा पनि दिनुभएको छ। यसरी सफा नगर्ने भिक्षुको शील शुद्ध नहुने विषयमा पनि प्रष्टचाउनुहुँदै पालि भाषामा उहाँले यसरी भन्नुभएको छ–

**"वत्तं अपरिपुरेन्तो सीलं नपरिपूरति**
**असुद्ध सीलो दुपञ्ञो दुक्खा न परिमुच्चति"**

अर्थात्- आफ्नो कर्तव्य पालन नगर्ने व्यक्तिको शील पालन हुँदैन। शील पालन नगर्ने प्रज्ञाहीन व्यक्ति कहिले पनि दुःखबाट मुक्त हुन सक्दैन। त्यसैले सर्वप्रथम हामीले इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालन गर्नैपर्दछ। आफ्नो वासस्थानको सरसफाई गर्नु पनि विभिन्न कर्तव्यहरूमध्ये एक महत्त्वपूर्ण कर्तव्य ठहरिन्छ।

भगवान् बुद्धले उहाँको पुत्र राहुल कुमारलाई



Downloaded from http://www.dhamma.digital

'बिहान सबेरै उठेर आफ्नो वासस्थान सरसफाई दिनहुँ गर्नुपर्ने, आफूभन्दा ज्ञान, वर्ष र कर्मले ठूलो व्यक्तिको आदर-सम्मान गर्नुपर्ने' सुझाव दिनुभएको थियो । जसले यी कर्तव्यहरू नबिराईकन पालन गर्छ, उसले आफ्नो जीवनमा भौतिक सुख हासिल गर्नेछ ।'

यी नैतिक शिक्षाहरूको अभाव भएकै कारणले पनि आजभोलि हाम्रो समाज र देशका धेरैजसो मानिसहरूले पढेलेखेर विद्वान् कहलाइए पनि मनको शान्ति प्राप्त गर्न सकिरहेको देखिँदैन ।

जे होस्, भगवान् बुद्धले २६०० वर्षअगाडि सिकाउनुभएका यी अमूल्य नैतिक शिक्षालाई हामीले इमान्दारीपूर्वक पालन गर्न सकौं र जीवनको अमूल्य सुख प्राप्त गरी सक्कली रूपले २५६२ औं वैशाख पूर्णिमा मनाउन सकौं । धर्मकीर्तिको यही मनसाय रहेको छ ।

## हलिंया अजू न्हि

✍ **बुद्ध शाक्य**

हलिंया छन्हु व अजूगु न्हि !
सिद्धार्थ जन्म जूगु व पुन्हि !
लोकय् अलौकिक्गु व न्हि !
स्वर्गं स्वाँ वा गाःगु व पुन्हि ॥

मतिइनं पिनेया मति यागु,
दुःख ब्यंगु ज्ञानया व पुन्हि !
जरा ब्याधि व मभिं यागु,
लँपुया मुक्त जः लूगु पुन्हि ॥

धयाच्वन, काःवा ज्ञान ईनाः
दुःख ज्यंकेगु मूल ज्ञान मुनाः
श्रमणं लुइका न्ह्यब्वया वंगु,
अनन्त शान्तिया स्वांयापुन्हि ॥

अनित्यया दुनेनं नित्यगु,
झीयात स्थीरय् तया तैगु
दुःख वेदनाय् गुब्लें मलाइगु,
सत्व साधनाया पुर्ण व पुन्हि ॥

## बनेपा ध्यानकुटी – मैत्री केन्द्र लाई सहयोग

१) भिक्षु अश्वघोष महास्थविर, ध्यानकुटी विहार, बनेपा – रू. ३०,०००/-
२) मन्दिरा ताम्राकार तथा ताम्राकार परिवार, मरु, काठमाडौं दि. बुबा कुलरत्न ताम्राकारबाट दि. आमा हेरालानी ताम्राकारको पुण्यस्मृतिमा भोजन तथा रू. १०,०००/- प्रदान ।
३) गणमहा विहार तःकेहें पुचः, काठमाडौंबाट, भोजन तथा रू. ६,०००/- प्रदान ।
४) अनिल लामा, नमोबुद्ध, माझे श्रीमती शान्ता लामाको जन्मदिनको उपलक्ष्यमा – रू. ५,०००/-
५) चम्पा पुचः धर्मकीर्तिबाट भोजन तथा रू. ५,०००/- प्रदान ।
६) निल तारा शाक्य, अमक रत्न शाक्य, बनेपाबाट भोजनको लागि – रू. २,०००/-
७) सुबर्ण कुमार कंशाकार परिवार, श्रीघः, नघः बाट दि. बुबा बुद्ध रत्न कंशाकार, दि. आमा चिनिशोभा कंशाकारको पुण्यस्मृतिमा – रू. २,०००/-
८) निर्मला मानन्धर, असन, कमलाक्षीबाट रू. १,०००/-
९) भिक्षु बोधि, लुम्बिनी रू. १,०००/-
१०) सुमना महर्जन, कालधारा, काठमाडौं, रू. १,०००/-
११) प्रविन्द्र राज तुलाधर, भोटाहिटी, काठमाडौं, – रू. १,०००/-
१२) प्रेमज्योति शाक्य, बनेपा – रू. १,०००/-
१३) राकेश शाक्य, बनेपा – रू. १,०००/-
१४) भिक्षु शोभित, गणमहा विहारबाट जलपानको लागि – रू. ५००/-
१५) आयाम बचत तथा ऋण सहकारी संस्था लि. चारदोबाटो, बनेपा-७ बाट खाद्यान्न तथा श्टेशनरी सामग्री प्रदान ।
१६) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।
१७) नानु मैंया शाक्य परिवार, बुद्धनगर, स्व.आमा शुभ लक्ष्मी शाक्यको पुण्यस्मृतिमा भोजन प्रदान ।
१८) पुण्य लक्ष्मी तुलाधर परिवार, सामाखुसि, स्व.बुबा बुद्धरत्न कंशाकारको पुण्यस्मृतिमा भोजन प्रदान ।
१९) रुपा शाक्य परिवार, बनेपाबाट भोजन प्रदान ।

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू –**

२०) गौतम शाक्य, बनेपा-७, छोरा अभिशेक शाक्य, जन्मदिनको उपलक्ष्यमा – रू. १५,०००/-



Downloaded from http://www.dhamma.digital

# बैशाख पूर्णिमा

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

*[(यो लेख सन् १९६८ (बुद्ध वर्ष २५१२) को वैशाख पूर्णिमाको अवसरमा (पूज्य गुरुजी भारत आउनु एक वर्ष अघि) “ब्रह्म भारती” नामको मासिक पत्रिकामा प्रकाशित गरिएको थियो । १९९६ को वैशाख पूर्णिमा (बुद्धवर्ष २५४०) को अवसरमा साधकहरूको लाभार्थ हिन्दी विपश्यना पत्रिकामा पुनः प्रकाशित गरिएको थियो । आजको वैशाख पूर्णिमाको अवसरमा साभार गर्दै नेपालीमा प्रकाशित गर्दैछु ।)]*

आज बैशाख पूर्णिमा हो । २५९२ (आजभन्दा २६४०) वर्ष पूर्व यसै दिन आजको नेपालको लुम्बिनी वन-प्रदेशमा राजकुमार सिद्धार्थ गौतमको जन्म भएको थियो । ३५ वर्ष पछि यसै वैशाख पूर्णिमाको दिन राजकुमारले गया प्रदेशको एउटा वृक्ष मुनि सम्यक सम्बोधि प्राप्त गर्नुभएको थियो ।

जुन सम्यक सम्बोधि प्राप्त गरेर सिद्धार्थ भगवान बन्नुभयो, वास्तवमा त्यो सम्यक सम्बोधि के थियो ? त्यो बुद्ध ज्ञान के थियो, कस्तो थियो– जुन प्राप्त गरेर मानव अध्यात्म दर्शनलाई नयाँ दिशा प्रदर्शन गऱ्यो ।

बोधि प्राप्त हुँदा भगवानले देख्नु भयो– यो अविद्या हो ‘म’ र ‘मेरो’ छ भन्ने जुन भूठो आत्मवादी भाव हामीमा छ त्यो नै अज्ञान हो । यसैको कारण संस्कार बन्दछ र जहाँ संस्कार हुन्छ त्यहाँ चैतन्य हुन्छ । यही चैतन्यको कारण चित्त र शरीरको संयोगद्वारा जीवनको धारा प्रवाहित हुन्छ । जहाँ शरीर र चित्तको संयोग हुन्छ त्यहाँ आँखा, कान, नाक, जिब्रो, छाला र मन यी ६ – इन्द्रियहरू र त्यसका ६ वटा विषय रुप, शब्द, गन्ध, रस स्पर्श र मन हुन्छ । जब यी ६ इन्द्रियहरू आ-आफ्नो विषयसंग स्पर्श हुन्छ तब त्यसको अनुभव हुन्छ । यसै अनुभूतिको कारण विषय प्रति आसक्ति उत्पन्न हुन्छ । यही तृष्णा बृद्धि हुँदै हुँदै तीब्र लालचीको रुप धारण गर्दछ । यसैको पूर्तिको लागि भित्र-भित्र मानसिक, कायिक र वाचिक कर्म गर्दछ, त्यही नै भव-कर्मको कारण बन्दछ । यसै भव-कर्म द्वारा जन्म हुन्छ । जन्म भएपछि बूढो हुनु, रोगी हुनु र मृत्यु हुनु निश्चित भयो । यसप्रकार अविद्या र तृष्णाको कारण दुःखको पहाड बन्दछ ।

तब भगवानले देख्नुभयो कि यो दुःख हो र दुःख उत्पन्न हुनुका कारण यी नै हुन् । यहाँ डराउनु पर्दैन किनभने यस दुःखबाट निस्किन पनि सकिन्छ । दुःखबाट निस्किने बाटो छ, उपाय छ । यही उपाय आर्य अष्टांगिक मार्ग हो । यो आर्य अष्टांगिक मार्ग भनेको के हो ?

यस आठ अंग भएको मार्गलाई तीन भागमा विभाजित गर्न सकिन्छ । पहिलो शील-खण्ड हो । यस अन्तरगत **सम्मावाचा, सम्मा कम्मन्तो र सम्माआजिवो** आउँदछ । शील भनेको सदाचारमय जीवन हो । शरीर र वाणीद्वारा कुनै किसिमको दराचरण नगर्नु नै शील हो । दोस्रो खण्ड समाधि हो । यस अन्तरगत **सम्मावायामो, सम्मासति र सम्मासमाधि** आउँदछ । अर्थात् निरन्तर प्रयासद्वारा चञ्चल चित्तलाई कुनै एउटा आलम्बनमा केन्द्रित गरेर मनलाई स्थिर र शान्त बनाउनु, चित्त एकाग्र हुनु नै समाधि हो । तेस्रो प्रज्ञाको खण्ड हो । यसको अन्तरगत **सम्मासंक्कप्पो** र सम्मादिट्ठि आउँदछ । यो ज्ञानको खण्ड हो । ठीक संकल्प गरेर विपश्यना साधनाको अभ्यास गऱ्यो भने प्रज्ञा जाग्रत हुन्छ । भित्रको आँखा खुल्दछ । साधक सचेत हुन्छ, जागरुक हुन्छ र सत्यको साक्षात्कार गर्दछ । सत्यलाई नजिकबाट निरीक्षण गर्दछ, विश्लेषण गर्दछ । शरीर र चित्तको निरीक्षण-विशलेषण गर्दछ । प्रकृतिको सत्य स्वभावको निरीक्षण-विश्लेषण गर्दछ । विपश्यनाको अभ्यासद्वारा स्वतः अनुभव हुन थाल्दछ कि यो इन्द्रिय जगतको सारा क्षेत्र प्रतिक्षण परिवर्तनशील छ, अनित्य छ । बाहिरबाट हेर्दा सुखदायी जस्तो भएपनि वास्तवमा दुःखमय नै छ । ती सबै सार रहित छ । म अथवा मेरो भन्ने यहाँ केही पनि छैन, यो अनात्म छ । यसप्रकार यस साढे तीन हातको शरीर भित्र इन्द्रिय जगतको अनुभूति गर्दै-गर्दै वितृष्ण र अनासक्त हुन्छ, अविद्याको अन्धकारमय पर्दा फाट्दछ र इन्द्रियातीत अवस्था प्राप्त हुन्छ । यही निर्वाण हो, यो नित्य छ, शाश्वत छ र यही परम सुख हो । यसको साक्षात्कार द्वारा नै दुःख निरोध हुन्छ । यही मार्ग हो । यही मार्गको फल हो ।

चित्तमा तृष्णा छ भने दुःखको श्रृजना हुन्छ, यो कुरा स्पष्ट छ । त्यस्तै चित्त तृष्णा रहित छ भने दुःख



Downloaded from http://www.dhamma.digital

निरोध हुन्छ। त्यसैले दुःखबाट मुक्त हुनको लागि चित्तलाई तृष्णा रहित बनाई निर्मल बनाउनु पर्छ, किनकि मन नै प्रधान हो, मन नै प्रमुख हो। दुःख प्रजनन र दुःख-निर्मूल गर्ने काममा मनको विशेष ठाऊँ छ। जब दुःखरुपी रोगको निदान भईसकेको छ भने बाहिरी रोगको उपचार गर्नु आवश्यक छैन, त्यो ब्यर्थ हुन्छ। रोगको मूख्य जरामा नै प्रहार गर्नु पर्ने हुन्छ। मनलाई पक्रेर त्यसलाई नै बदल्नु पर्छ, मनलाई नै सुधार्नु पर्छ। बाहिरी कर्मकाण्ड द्वारा मनलाई सुधार्ने काम कदापि हुन सक्दैन। न कुनै देवता अथवा ब्रह्माको कृपादृष्टि अथवा वरदानबाट नै सम्भव हुन्छ। यसको लागि त आफैले अभ्यास गर्नु पर्दछ। अथवा यस्तो विधि अपनाउनु पर्छ जस्को सम्बन्ध सीधा मनसंग हुन्छ। यही विद्या नै विपश्यना हो। यही नै धर्म-सिद्धान्तको व्यावहारिक पक्ष हो। त्यसैले भगवानले यसलाई बल पूर्वक भन्नु भएको छ। यही ब्यावहारिक पक्षले नै सद्धर्मको "सांदृष्टिक" अर्थात् स्वतःआफैले प्रत्यक्ष देख्न सक्ने बनाउँछ। यसबाट तुरुन्त "अकालिक" फल प्राप्त हुन्छ। साधक आफैले यसै जन्ममा यसै शरीर भित्र विमुक्तिको रस चाख्दछ। यसको कुनै बाहिरी शक्ति अथवा वरदानले होइन, आफ्नैः सत्प्रयत्नद्वारा सत्यको साक्षात्कार गर्दछ।

हाम्रो प्रगति र पतनको कारण हामी स्वयं हो। वन्धन र मोक्षको कारण पनि हामी स्वयं हो। यस समय हामी जे-जस्तो छौं, ती आफ्नो पूर्व कर्मको परिणामको थूप्रो मात्र हौं। भविष्यमा जे-जस्तो बन्नेछौं, आफ्नै कर्मको कारण बन्दछौं। अहिलेको कर्म र भविष्यको गति बनाउने काममा हाम्रो आफ्नो अधिकार छ। हामी आफैले गाँठो बनाउँछौं र त्यसलाई आफैले फुकाउनु पर्छ। यो काम कोही अरुले आएर गरिदिंदैन।

पैंतीस वर्षको अवस्थामा सम्यक सम्बोधि प्राप्त गरेर पछिका पैंतालीस वर्षसम्म भगवानले यसै "सांदृष्टिक" र "अकालिक" धर्मको शिक्षा दिनुभयो। लाखौं, करोडौं मानिसहरूको मिथ्या-दृष्टि हट्यो, खोक्रो रुढिवादी र परम्पराको पोल खोल्यो, निस्सार मान्यताहरूको जरा उखेलियो र मानिस भित्र रहेको असीम सामर्थ्यतालाई उजागर गरिदियो। जसको कारण उनीहरू आफ्नो खुट्टामा आफैं उभिन सक्ने भयो, नबुझेर-नजानेर बोकिरहेको बैसाखी फाल्न सक्ने भयो। तीर्थमा नुहाउनु, ब्रत लिनु, अनेक वेश-भूषा लगाउनु, पूजा-पाठ गर्नु, प्रार्थना-प्रशंसा गर्नु, अनुनय-विनय भाकल गर्नु जस्ता कर्मकाण्डलाई आफ्नो मुक्तिको माध्यम छानेर बसेका बहिर्मुखी मानिसहरूलाई उहाँले अन्तर्मुखी बनाउनु भयो। चित्तलाई विरज-विमल बनाएर सीधा सही मार्गमा हिँड्न सक्ने एउटा यस्तो सरल तरीका बताउनु भयो जसबाट मनुष्य आफ्नो उद्धार आफै गर्न सक्ने भयो, आफ्नो मुक्तिदाता आफै बन्न सक्यो। यसरी कुनै बाह्य शक्तिमा आधारित नभई, बाह्य मान्यतामा भर नपरी मानिस स्वयं आफ्नो मार्गमा अग्रसर हुनसक्ने बल प्रदान गर्नु भयो। आत्म-निर्भरता र आत्म-विश्वास प्रदान गर्नुभयो, आत्मशरण र धर्मशरणको अनन्यता प्रदान गर्नुभयो।

मानव जगतको यो अमूल्य दिक्षा प्रदान गर्दै आफ्नो जीवनको ८० वर्ष पूरा गरेर २५१२ (आज भन्दा २५६०) वर्ष पूर्व आजको दिनमा भगवान बुद्ध परिनिवृत्त हुनुभयो। अतः बैशाख पूर्णिमाको यो पावन दिवस तीन अवसर जुधेर धन्य-धन्य भएको छ। ❖

*(साभार- 'विपश्यना', २०७३ ज्येष्ठ, वर्ष ३३, अङ्क २)*



## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

*क्र.सं. ८७६*

**अनारशोभा कंसाकार**

रु. २,०००।–

*क्र.सं. ८७७*

**पद्मतारा शाक्य**

ॐबहाल, युता

रु. २,०००।–

*क्र.सं. ८७८*

**नारायण देवी श्रेष्ठ**

नयाँ बानेश्वर, काठमाडौं

रु. २,००५।–



Downloaded from http://www.dhamma.digital

# मानिसको आचरण नै उन्नति ...

*लेखक*- **भिक्षु अश्वघोष**
*अनुवाद*- **वीर्यवती**

मानिसको जीवन सुखमय र शिक्षित हुन शिक्षा अर्थात् अध्ययन नभई नहुने हुन्छ । शिक्षा भनेको पढेर ज्ञानी हुने औषधि र उपाय हो । तर पढेर मात्रै ज्ञानी शिक्षित हुने भन्ने चाहिँ पक्कै होइन । ज्ञान बाहिरबाट आउँछ, ज्ञानी चाहिँ भित्रबाट हुन्छ । पढेर र सुनेर आफ्नै मनले वा ज्ञानले संभ्री यो राम्रो हो, यो नराम्रो हो भनी बुभि्क महसुस गरी सतर्क हुनुसके मात्र शिक्षित र ज्ञानी हुन सकिन्छ ।

आमाबाबुले आफ्ना छोराछोरीलाई स्कूलमा पढन पठाउनुको दुईवटा कारण छन्, ती हुन् पढेर आफ्नो बच्चा ठूलो मानिस बनोस् र ज्ञानी पनि होस् । शिक्षा भनेको स्कुलमा पढेर मात्र प्राप्त हुने कुरा होइन । सज्जनहरूको संगत राम्रो कुरा सुनेर पनि शिक्षा लिन सकिन्छ । तर डाडुलले दिनकादिन तरकारी चलाए पनि तिहुनको स्वाद थाहा नपाएजस्तो संगत गरेर मात्र शिक्षा कहाँ पाइन्छ र ? चालनी बुद्धिको मासिस कहिल्यै पनि शिक्षित हुन सक्दैन । चालनीले राम्रो जति फालिदिन्छ, नराम्रो मात्र स्वीकार गर्छ, जम्मा गर्ने गर्छ । नाङ्गलो बुद्धिको मानिस शिक्षित र ज्ञानी हुनसक्छ नाङ्गलोले काम नलाग्नेलाई बाहिर फालिन्छ र कामलाग्ने मात्र बचाउने, जम्मा गर्ने काम गर्छ । आजभोलि त चाल बुद्धि भएका मानिसहरूको संख्या बढी देखिन्छ, तर नाङ्गलो बुद्धि र विवेक वृद्धि भएका मानिसहरूको संख्यामा ह्रास भइरहेको देखिन्छ ।

स्कूलमा गएर नपढी देशविदेशको भ्रमण गरेर पनि शिक्षा लिन सकिन्छ, ज्ञानगुण हासिल गर्न सकिन्छ । नाचगान या नाटक हेरेर पनि शिक्षा लिन सकिन्छ, सिनेमा र टिभि हेरेर पनि शिक्षा लिन सकिन्छ । राम्रो मात्र नाङ्गलोले जम्मा गरेजस्तै राम्रो कामलाई टिपेर लिन सक्नुपर्छ । तर आजभोलि त सिनेमा हेरेर चरित्र भ्रष्ट हुने कुरा मात्र सिक्ने, त्यस्तै प्रेरणा मात्र लिनेहरू बढी देखिन्छन् ।

बुद्धधर्म अनुसार पढेलेखेर विद्वान भएकोलाई मात्र शिक्षित भनिदैन । साँच्चै नै विद्वान र सभ्य त्यसलाई भनिन्छ, जो पढेलेखे अनुसार सदाचारी हुन्छ, आमाबुबा जेठा तथा गुरूजनहरूको सम्मान गर्नजानेको हुन्छ, घमण्डी हुँदैन, अनपढ र गरीबहरूलाई हेला गर्दैन । अशिक्षितहरूलाई तालिम दिन सजिलो छैन, तर मनोवैज्ञानिक तरिकाबाट सम्भ्काई बुभ्काई शिक्षा दिनसके तालिम हुन्छ । पढेलेखेका विद्वानहरूले राम्रो विकासको काम गर्नेप्रति ईर्ष्या र डाहा गर्दैनन् । एकतामा अनेकता ल्याउँदैनन् । आफूलाई पनि अरूलाई पनि हित र भलो हुने उपकारी काम गर्छन् । यस्ता गुण भएका व्यक्तिलाई शिक्षित र विद्वान भनिन्छ ।

आजभोलि अपवाद स्वरूप मानिसहरू आइए,बिए आदि पास भएपछि घरगृस्थीको काम गर्न मन पराउँदैनन् । तरकारी आदि किन्न बजार जाऊ भन्दाखेरि पढेर परीक्षा पास गरेको पसल गएर किनमेल गर्नको लागि होइन, तर कारी किन्न जाने काम त अक्षर पढ्न नजान्नेहरूको काम हो, नोकरचाकरको काम हो भन्ने गरेका सुनिन्छ । पढेपछि सेवक बन्ने होइनन, मालिक बन्न खोज्ने दास प्रवृत्ति कहाँबाट आएको ? यो शिक्षानीति नै "च्योबुद्धि" दास बुद्धिको हो कि ! केही पढेलेखेका छोराछोरी, छोरा बुहारीबाट घरको कामकाज नहुने भएपछि केहीले "आजभोलि अनपढ छोराबुहारी र छोरी नै ठीक, धेरै लगानी गरेर पढाएर मात्र के गर्ने, पढेलेखेकाहरूले बुढाबुढी आमाबाबुहरूको वास्ता गर्दैनन्" भन्न थालेका छन् ।

पालि साहित्यमा प्रसिद्ध पराभव सूत्रमा बुद्धलले भन्नुभएको छ, "सुविजानो भवं होति सुविजानो पराभवो" अर्थात् पढेलेखेको मान्छेको उत्थान पनि हुन्छ, पढेलेखेको मान्छे पतन पनि हुन्छ । कुनै कुनै पुस्तकमा यसरी अर्थ लेखिएको पाइन्छ, उन्नति र पतन हुने उस्को आचरण अनुसार नै हो ।

साधारण समाजको व्यवहारतिर दृष्टि राख्दा के देख्न पाइन्छ भने पढेलेखेर मात्र मानिस शिक्षित हुँदैन, ठूलो मानिस बन्दैन, शिक्षित वर्गले नै ठूलठूला गल्ती र अपराध गरिरहेको पाइन्छ । पढेलेखेका शिक्षित व्यक्तिहरूले (भिक्षुहरूले) पनि भन्नेलाई भन्नदेऊ न भनी ह्यामी हृदयी



Downloaded from http://www.dhamma.digital

भई बस्दछन् । लाजसरम र भयहीन भएका छन् । मानिसको व्यवहारले नै उसको शिक्षितपन र विद्वता चिन्न सकिन्छ । कामले मानिस उँच र नीच हुन्छ भनेर बुद्धले भन्नुभएको प्रमाण वसल सूत्रमा यसरी उल्लेख भएको छ – “नजच्चा वसलो होति नजच्चा होति ब्राह्मणो कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो” अर्थात् जन्मले कोही पनि नीच र ब्राह्मण हुँदैन, कामले नीच र ब्राह्मण अर्थात् उँच नीच हुन्छ ।

पढेलेखे अनुसार इमान्दारीपन र अलि निस्वार्थी हुनसके राम्रो हुने, अझ आफ्ना कमीकजोरी र गल्ती महसुस गरेर आत्मालोचना गर्नसके सुनमाथि सुगन्ध थपिने हुन्छ, शिक्षाको महत्व पनि बढ्छ । देशको संस्कृति र सभ्यता पनि सुरक्षित हुन्छ । पुरानो कला, वस्तु र रितिथितिको रक्षा गर्नु मात्रलाई संस्कृति भनिदैन, मानिसको सभ्य जीवनसित संस्कृतिको घनिष्ट सम्बन्ध रहेको हुन्छ । संस्कृतिको रक्षाको लागि आर्थिक जीवनमा पनि सुधार आउनु पर्छ । जति भएपनि नपुग्ने तृष्णाको जालमा फँस्नेले पनि संस्कृतिको रक्षा गर्न सक्दैन । भोकाएको मानिसबाट पनि संस्कृतिको रक्षा हुन सक्दैन । हाल फोहरी काठमाडौं देखेर विदेशीहरू नेपालमा संस्कृति नै छैन भन्छन् भने नेपालीहरूलाई साह्रै अशिक्षित वर्गमा समावेश गरिएका छन् । यद्यपि नेपाललाई प्राकृतिक सौन्दर्य र धार्मिक परम्पराले धनी बनाएकै छ । बुद्धको जन्मभूमि र सगरमाथाले नेपालको शीर जति ठाडो भएको छ, उत्तिकै फोहरको पहाडले नेपाल धेरै तल खसेको छ । अतः नेपालमा कस्तो प्रकारको शिक्षा दिइन्छ भन्ने प्रश्न खडा भएको छ । तर जबसम्म साँच्चैको शिक्षा प्रवाह गर्ने शिक्षकवर्ग विद्यमान रहने हुन्छ, तबसम्म संस्कृतिको भविष्य उज्वल हुनेछ । ❖

**बुद्ध सम्वन्धी केही जानकारीहरू**

(१) चार आर्यसत्यलाई यथार्थ रुपले बुझ्नेलाई **बुद्ध** (=तथागत=शास्ता=भगवान्) भनिन्छ ।

(२) **त्रिरत्न** भन्नाले बुद्ध, धर्म र संघ बुझिन्छ । बुद्ध, धर्म र संघको शरण जानु नै त्रिशरण वा त्रिरत्न शरण जानु हो ।

*( साभार- बौद्ध दर्पण )*


महामानव गौतम बुद्धया
जन्म, बोधिज्ञान लाभ व
महापरिनिर्वाण स्वंगू संयोग
चूलाःगु पवित्रगु
बैशाख पुन्हिया लसताय्
सकलसित भिंतुना छ्वछाना ।

शुभ गणपति
बचत तथा ऋण सहकारी संस्था लि.
थाय्मरु, यें
फोन नं. ४२३२१०२, ४२३२१४६

Heartiest Congratulation to the
Buddha Purnima
on the auspicious occasion of
Buddha's Teaching
for Peace and Prosperit
to our Society !

LALIMA
Saving & Credit Co-operative Ltd.
Mahabouddha, Ason-30, Kathmandu, Nepal
Tel.: 4221196, Fax: 977-1-4221196
lalimaktm@yahoo.com

हाम्रा रेमिटेन्स सेवाहरू :–
IME, IME pay, Prabhu Money Transfer, Western Union Money Transfer, himal remit




Downloaded from http://www.dhamma.digital

# मति राम्रो नभएकोले गति राम्रो भएन

✍ धम्मवती

प्रस्तुत गर्न लागेको कथा जातकको हो–

धेरै समयअगाडि बोधिसत्वले भाँडाकुँडाहरू बेच्ने व्यापारीको कुलमा जन्म लिए ।

ऊसँगै व्यापार गरेर हिँड्ने एक जना व्यापारी दुष्ट स्वभावको थियो । एक दिन दुवै जना नीलबाहिनी नदी तरेर व्यापार गर्न गए । गाउँमा पुगेपछि दुवैले छुट्टाछुट्टै बाटो लिए ।

गाउँको एक घरमा एउटी बुढी र उनकी नातिनी बस्दथे । अहिले उनीहरू गरिब र उनीहरूको परिवार सानो भए पनि केही वर्षपहिले उनीहरू धनी र उनीहरूको परिवार ठूलो थियो । समयको अन्तरालमा उनीहरूको परिवार नासियो । उनीहरू धनीबाट गरिब बने । अहिले उनीहरूको पुरानो घर ठाउँ-ठाउँमा चुहिएर 'आज भत्किएला कि भोलि' भइसकेको थियो ।

बोधिसत्व साथी व्यापारी भाँडाकुँडाहरू बोक्दै उनीहरूको घरतिर आइरहेको बज्यै र नातिनीले झ्यालबाट हेरिरहेका थिए । चम्केका नयाँ भाँडाकुँडाहरू देखेपछि नातिनीले तीमध्ये एउटा भाँडो लिने रहरलाई थाम्न सकिनन् ।

"भाँडो किन्नलाई हामीसँग पैसा पुग्दैन ।"

"सानो एउटा भए पनि किनिदिनुस् ।"

"सानोको पनि १ कार्षापन त भन्ला, मसँग त्यति पैसा पनि छैन ।"

बच्चीले पिरोल्नै थालेपछि नयाँ एउटा भाँडोसँग साटेर लिन बज्यैले भित्र कोठाबाट पुरानो थाल लिएर आइन् ।

"यसको सट्टामा कुनै एउटा भाँडो दिनुहुन्छ ?" बज्यैले व्यापारीसँग सोधिन् ।

व्यापारीले थाललाई कसिमा घोटेर हेऱ्यो । चम्किलो पहेँलो भएर आएको देखेपछि उसलाई 'थाल सुनको हो' भन्ने पक्का विश्वास लाग्यो । उसले विचार गऱ्यो– "यदि अहिले भाँडोसँग साटेर लिएँ भने शङ्का लागेर यिनीहरूले पछि झगडा गर्न आउँन सक्छन् ।" थाल फर्काउन उसले भन्यो– "यो पुरानो थालको सट्टामा नयाँ भाँडो दिन मिल्दैन ।"

पहिलो व्यापारी गएको एकछिनपछि दोस्रो व्यापारी पनि उनीहरूको अगाडि आइपुग्यो ।

"यसले नयाँ भाँडो देला कि एकचोटि सोधी हेर्नुस् न बज्यै" –नातिनीले पुनः आग्रह गरिन् ।

व्यापारी सोझो देखिएकोले बज्यैलाई ऊसँग पनि सोधिहेर्न मन लाग्यो । बज्यैले उसलाई पनि थाल देखाउँदै "यसको बदलामा कुनै एउटा भाँडो दिन मिल्ला कि ?" भनी सोधिन् । व्यापारीले थाल लिई कसिमा घोटेर हेऱ्यो ।

"बज्यै ! यो सुनको थाल हो । यो थालको मोल तिर्न मसँग पैसा पुग्दैन ।" व्यापारीले तिनीलाई सम्झायो ।

व्यापारीको कुरा तिनीले बुझ्न सकिनन् । ट्वाल्ल पर्दै बज्यैले भनिन्– "भर्खर यहाँबाट जाने व्यापारीले 'यो थालको सट्टामा नयाँ भाँडो दिन मिल्दैन' भनी गए । तपाईं यो थाल सुनको हो भन्दै हुनुहुन्छ । तपाईंकै प्रतापले यो सुनको भइदियो होला । त्यसैले तपाईंलाई जति दिन मन लाग्छ, त्यति दिएर यो थाल तपाईंले नै लानुस् ।"

व्यापारीले आफूसँग भएको १ हजार कार्षापण (त्यसताकाको मुद्रा) मध्ये नदी तर्नलाई डुङ्गा-भाडा ४ कार्षापण मात्रै आफूसँग राखेर बाँकी धन र भाँडाकुँडाहरू पनि सबै दिई उनीहरूबाट बिदा भए । व्यापारीको स्वभावबाट प्रभावित बज्यैले उनको सही प्रकृति पनि जानिन् ।

उनीहरूले सबै भाँडाकुँडाहरू थन्क्याई मात्र सकेका थिए, अघिको दुष्ट व्यापारी फेरि उनीहरूको घरनिर आइपुग्यो । बज्यैलाई बोलाई उसले "अघिको पुरानो थाल ल्याइदिनुस्, एउटा नयाँ भाँडो दिन्छु" भन्यो ।

"अघि तपाईंले 'त्यो थालसँग भाँडो साट्न मिल्दैन' भनी पन्छचाएर जानुभयो । अर्को व्यापारी आई 'त्यो सुनको हो' भनेर १ हजार कार्षापण र ऊसँग भएका सबै भाँडाकुँडाहरू दिई लगिसक्यो ।"

यो सुनेर दुष्ट व्यापारी डाहाले छट्पटिँदै रगत बमन गरेर त्यहीँ प्राण त्याग गऱ्यो । मति राम्रो नभएकोले गति राम्रो भएन । ❖



Downloaded from http://www.dhamma.digital

# महाप्रजापती गौतमी

*लेखिका-* **कुमारी विद्यावती मालविका**
*नेपाल भाषामा अनुवाद-* **माधवी गुरुमां**
*नेपालीमा अनुवाद-* **भिक्षुणी वीर्यवती**

हिमालको काखमा अवस्थित कोलिय राज्यको र ाजधानी देवदह नाम गरिएको एउटा शहर थियो । त्यस देशको यशस्वी राजा सुबुद्धकी दुईवटी रूपवती छोरीहरू थिए । एउटी छोरीको नाम महामाया थियो भने अर्कीको नाम प्रजापती । रूप र गुणका सजीव मूर्तिको रूपमा रहेका यी दुबै राजकुमारीहरूको यौवनावस्था हुनासाथ कपिलवस्तुका राजा शुद्धोदनसंग बिबाह सम्पन्न भयो । जेठी महारानी भएकी हुनाले महामाया प्रधान राजमहिषी भइन् भने प्रजापति द्वितीय राजमहिषी भईन् । गौतम वंशीय बुहारी भएको नाताले द्वितिय राजमहिषिलाई "महाप्रजापती गौतमी" भनी सम्बोधन गरिने गर्थ्यो ।

बैशाख पूर्णिमा जस्तो पावन दिनमा प्रधान महिषी महामायाबाट नेपालको तराईमा अवस्थित लुम्बिनीको शालवनमा असंख्य शुभलक्षणले युक्त सुपुत्र सिद्धार्थ कुमारको जन्म भयो । तर पुण्यशीला अग्रमहिषीले सिद्धार्थ कुमारलाई जन्माउनु भएको सात दिनमा नै आफ्नो नश्वर देहलाई त्याग गर्नुभयो ।

त्यसपछि महाराजा शुद्धोदनलाई यस अपूर्व गुणले सम्पन्न कुमारको पालनपोषण गर्ने बिषयमा चिन्ता हुन थाल्यो । उक्त बालकलाई ज्योतिषहरू, सामुद्रिक-शास्त्र बेत्ताहरू तथा महामुनीहरूले चक्रवर्ती नरेश अथवा प्राणी मात्रको हृदय-देवता हुनेछ भनी भविष्यवाणी गर्नु भएको कारणले उहाँलाई एक सुयोग्य व्यक्तिको हातमा सुम्पनु अत्यावश्यक थियो । देवी महाप्रजापति गौतमीले आफ्नी दिदी (महामाया) प्रति अगाढ श्रद्धा र स्नेह राख्ने गर्थिन् । महामाया देवी परलोक भएपछि महाप्रजापति गौतमी प्रधान राजमहिषी भइन् । त्यही दिन उनको तर्फबाट पनि नन्द नामक पुत्ररत्नको जन्म भयो । परन्तु स्नेहमयी गौतमीले आफ्नो पुत्रलाई धाईआमाको हातमा सुम्पेर (सिद्धार्थ कुमारलाई आफ्नै पुत्र समान पालनपोषण गर्ने जिम्मा लिनुभई आफूले आफैलाई धन्य सम्झनु भयो । आफ्नी दिदीप्रति समर्पित अगाढ श्रद्धाको फलस्वरूप उनले शान्त एवं ममतायुक्त भावनाले सिद्धार्थको पालनपोषण गरिन् । उनको ममतामय मातृ-प्रेममा सिद्धार्थ कुमारले दया, दान, कार्यकुशलता एवं अनेक गुणका साथसाथै बिद्या आर्जन गर्नुभयो । फेरी यशोधरा जस्ती बुहारीरत्न प्राप्त भएकोले देवी गौतमी झन् हर्षले गद्‌गद् भइन् ।

पुत्ररत्न सिद्धार्थको हरेक कार्यमा उत्साहित हुनुहुने गौतमीको मातृ-हृदयमा कुमारको गृहत्यागले ठूलो चोट पुऱ्यायो । तैपनि यशोधराले आफुलाई पर्न गएको बिछोडको दुःखमा पनि उनीले गरेको त्यागमयी धैर्यपूर्ण आर्दशबाट प्रभावित भएर प्रजापति गौतमीले पनि आफ्नो दुःखलाई बिर्सदै जीवन बिताउनु भयो । सिद्धार्थले धेरैवर्ष सम्म कठिन तपस्या गरी मारलाई पराजित गरी बुद्ध बन्न सफल हुनुभयो । बुद्ध हुनुभएपछि (सारनाथमा) धर्मचक्र प्रवर्तन गर्नु भयो । त्यसपछि उहाँले प्राणीहरूलाई अमृत उपदेश दिनुहुँदै कपिलवस्तुतर्फ लाग्नुभयो । त्यसबेला प्रजापति गौतमीको एक्लो पुत्र नन्द कुमारले आफ्नी नववधु र राजसिंहासन समेत त्याग गरेर त्रिरत्नको शरणमा जानुभयो । त्यस्तै यशोधराको एकमात्र पुत्र राहुलले पनि प्रव्रज्या ग्रहण गर्नुभयो । भगवान बुद्धको कल्याणकारी उपदेशवाट देवी महाप्रजापति झन् बढि प्रभावित हुनुभयो । अनि उहाँले बिश्व कल्याणको मार्गमा जानको लागि सर्वस्व त्याग गर्ने आकांक्षा प्रस्तुत गर्नुभयो, तर भगवान् बुद्धले बिभिन्न जिम्मेवारी तथा झन्झटहरूमा अल्मलिनुपर्ने महिलाहरूका लागि त्यागमय साधना पथमा लाग्न आज्ञा दिनु भएन । तैपनि उनी निराश भएन । भगवान् बुद्धको त्यस उपदेशबाट त्यहाँ उपस्थित पाँचसय जना महिलाहरू प्रभावित भएका थिए ।

एक समय भगवान् बुद्ध बैशालीको उपवनमा धर्मोपदेशको अमृतबृष्टि गर्नुहुँदै प्राणीहरूको मङ्गल गरिर हनु भएको थियो । त्यहीवेला उत्साहपूर्ण गम्भिर हृदय लिएर पाँचसय जना शाक्य सुकुमारीहरूका साथ देवी गौतमी कपिलवस्तुबाट बैशाली सम्म पैदल यात्रा गरी पुग्नुभयो ।



Downloaded from http://www.dhamma.digital

लामो यात्राबाट थकित ती सबै महिलाहरूको अनुहार मुर्झाइसकेको थियो, तर पनि उनीहरूको मन भने भिक्षुणी संघ स्थापना गर्ने उच्च संकल्पको कारण उत्साहित थिए। भगवान् बुद्धको शिष्य आनन्दको ध्यान त्यसतर्फ केन्द्रित भयो। अनि उहाँ महाकारूणिक भगवान् समक्ष यसरी प्रश्न राख्नु भयो– "भन्ते ! के हजुरको मुक्तिदायक धर्ममा नारी वर्गलाई कल्याण गर्ने मार्ग छैन ?"

त्यसपछि भगवान् बुद्धले आफ्नो मंगलमयी वचनद्धारा उहाँको शिक्षा (धर्म) सबैको लागि भएको कुरा प्रष्ट्याउनु भयो । भिक्षु आनन्दले फेरि निवेदन गर्नुभएपछि भगवान् बुद्धले नारीहरूले पनि भिक्षुणी हुन पाउने स्वीकृती प्रदान गर्नुभयो । नारीबर्गको लागि त्यो दिन गौरवमय स्वर्णिम दिन भयो, जुन दिन समान अधिकारकी नेतृ देवी गौतमीको कठिन प्रयासको परिणाम स्वरूप प्रथम भिक्षुणी संघको स्थापना भयो । पाँचसय जना शाक्य सुकुमारीहरूले काषायवस्त्र धारण गरे, अनि देवी गौतमीलाई ती पाँचसय भिक्षुणीहरू मध्ये प्रमुखको रूपमा राखियो। यी साधिकाहरूले आफ्नो साधनाद्वारा भगवान् बुद्धलाई प्रसन्न पार्न सफल भए। अनि उनीहरू पनि भिक्षुहरू सरहको अधिकार प्राप्त गरी उपसम्पन्न भए ।

कैयौं जन्म देखी साधना गर्दै अवतरण हुनुभएकी गौतमीको त्यो जन्म अन्तिम जन्म थियो, जुन जन्ममा उहाँले सिद्धार्थ जस्तो दिब्य पुत्र-रत्नलाई पालनपोषण गर्ने सौभाग्य प्राप्त गर्नुभयो, भगवान् बुद्धको उपदेशद्वारा समाधि योग, एकाग्र चिन्तन, र अलौकिक ध्यान गर्नुहुँदै अरहन्त पद प्राप्त गर्ने शौभाग्य प्राप्त गर्नुभयो। बैशाली स्थित कूटागारशाला समिप रहेको महावनमा भगवान् बुद्ध रहनुभएको बेला प्रजापति गौतमी पनि भिक्षुणी संघ सहित उक्त स्थानमा रहनु भएको थियो । एकदिन चारिका गर्नुहुँदै उहाँले बिचार गर्नुभयो– "भगवान् बुद्धको महापरिनिर्वाण, कुमार नन्द र राहुलको निर्वाण हुने अवस्थालाई मेरो ममतामयी हृदयले कसरी थाम्न सकुँला ? त्यसैले स्वयं मैले नै पहिला देह त्याग गर्नुपर्ला ।" यही कारण उहाँले भगवान् बुद्ध समक्ष देह त्याग गर्ने अनुमतिको लागि बिन्ति गर्नुभयो । भगवान् बुद्धले शान्त एवं गम्भिर वचनद्वारा उहाँलाई उपदेश दिनु भयो जसले गर्दा उहाँले (प्रजापति गौतमीले) समाधीमा रहनु भई परम शान्तमय निर्वाण प्राप्त गर्नु भयो ।

भगवान् बुद्ध प्रति प्रजापति गौतमीको अटूट श्रद्धा थियो । उहाँले बुद्धलाई विश्व कल्याणका लागि अवतरण हुनु भएको व्यक्तित्वको रूपमा मान्नु हुन्थ्यो । थेरीगाथामा उहाँको भावुकता र सरलतापूर्ण भनाईलाई यसरी उल्लेख गरिएको छ– "सुगत ! म तिम्री आमा हुँ, परन्तु तिमी मेरो बुबा हौ ।" उहाँको भनाईको अर्थ थियो, उहाँले तथागतलाई पालन पोषण गरिन्, तर भगवान् बुद्धले जसरी एउटा बुबाले आफ्नो सन्तानलाई ज्ञान दिन्छ त्यस्तै गरेर उहाँलाई पनि ज्ञान एवं अनुपम उपदेशद्वारा अभिनव शान्ति प्रदान गर्नु भएको थियो । अर्को स्थानमा यसरी पनि उल्लेख गरिएको छ–

"अहो ! बहुजनहितका लागि महामायाले गौतमलाई जन्म दिइन्, अनि उहाँले प्राणीहरूलाई बृद्ध, रोग र मरण भयबाट नै मुक्त गरिदिनुभयो। आज म पनि दु:ख निरोधगामीनी आर्य अष्टाङ्गिक मार्गमा विचरण गरिरहेकी छु ।"

"बुद्धवीर, म तिमीलाई वन्दना गर्दछु । तिमी श्रेष्ठ हौ । म जस्ता कतिपय नारीहरूलाई दु:खरूपी आगोको ज्वालाबाट उद्धार गरी तिमीले शान्तिको वरदान दियौ। यो मेरो अन्तिम जन्म हो । तिम्रो ज्ञानले गर्दा आज ममा अब तृष्णा नाश भइसक्यो । तिमीले प्राणीहरूको दु:ख नाश गरिदियौ ।"

कति मात्र श्रद्धा, कति मात्र भक्ति रहेको थियो उनको महाकारूणिकको कल्याणकारी उपदेशमा ! धन्य छ त्यस नारीरत्नलाई, जसको ध्येय नै संसारका सबै प्राणीहरूको मंगल होस्, सबैले ज्ञान प्राप्त गरी जीवन मुक्त हुन सकोस् भन्ने रट्यो । त्यस नारी महान जगतनेत्री हुन् जसले नारी जातीलाई पुरूषको समकक्ष (समान तह) पुऱ्याई अमृत तत्त्व प्राप्त गराई नारी जगतको कल्याण गराई दिइन् । ❖

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

(४) भिक्षु संघको स्थापना भारतस्थित सारनाथमा ई.पू. ५२८ मा धर्म चत्र प्रवर्तन (=प्रथम उपदेश) पछि भएको थियो ।

(५) बुद्ध धर्मको मूल ग्रन्थलाई त्रिपिटक भनिन्छ। **त्रिपिटक** भन्नाले सुत्र पिटक, विनय पिटक र अभिधर्म पिटक बुझिन्छ।

(६) **सुत्र पिटक**मा बुद्धका उपदेशहरू संकलन गरिएका छन् । **विनय पिटक**मा भिक्षु र भिक्षुणीहरूको लागि विनय (नियम) संकलन गरिएका छन् । **अभिधर्म पिटक**मा दर्शनका कुराहरू समावेश गरिएका छन् ।

*( साभार- बौद्ध दर्पण )*



Downloaded from http://www.dhamma.digital

# खण्डहाल जातक

**- भिक्षुणी वीर्यवती**

अन्यायपूर्वक मुद्दाबाट हराएर पठाइएका त्यस विचरो व्यक्ति ज्यादै चित्त दुखाउँदै न्यायाधीश खण्डहाललाई सराप्दै र रुँदै न्यायालयबाट फर्किरहेका थिए । संयोगवश उक्त व्यक्तिले राजाको सेवामा गइरहेका युवराज चन्द्रकुमारलाई देखे । अनि उसको मनमा केही हौसला जाग्यो बोधिचित्तले भरिएको राजकुमारलाई देख्ने वित्तिकै । आधार नपाई पानीमा डुब्न लागेको डुंगालाई कुनै बस्तुले आधार दिई पानीबाट उतार्न लाग्दा केही भरोसा मिले जस्तै उसको मनले अचानक एक बलियो आधार मिलेको आभाष गऱ्यो । त्यसैले होला उसको मलिन अनुहारमा केही मुस्कान देखिन थाल्यो र उ दुगुर्दै गएर युवराजको पाऊ समात्दै न्याय माग्न थाल्यो ।

त्यसबेला युवराज चन्द्रकुमार देशका उपराजा थिए । युवराज चन्द्रकुमारलाई पनि राम्ररी थाहा थियो उसका बुबा राजा "एक राजा" का खूव विश्वासिलो मात्रको रूपमा राखिएको पुरोहित एवं न्यायाधिश खण्डहाल एक नम्वरको घूसखोरी, भ्रष्टाचारी र अधार्मिक छ भन्ने कुरो । खण्डहालले उसलाई जसले घूस खुवाउँदै चाकडी र चापलुसी गर्थ्यो त्यस व्यक्तिलाई अधार्मिक पूर्वक मुद्दामा जिताइदिन्थ्यो भने घूस खुवाउन नसक्ने र अन्यायमा परेका व्यक्तिहरूलाई भने मुद्दामा हराइदिन्थ्यो । त्यस देशका विवेक बुद्धिहीन राजा "एकराजाले" खण्डहालको यस्तो बेइमानी र धूर्त कार्यबारे विचार पुऱ्याउन सकिरहेको थिएन ।

युवराज चन्द्रकुमारले अन्यायमा पिल्सिएका त्यस व्यक्तिलाई साथ दिदै भने -"नडराऊ र पीर नगर म तिम्रो साथमा छु ।" यति भनी त्यस व्यक्तिलाई पुनः न्यायालयमा लगी राजकुमार चन्द्रकुमारले सत्यता पूर्वक न्याय गरी खण्डहालको गलत निर्णयहरूलाई उच्च स्वरमा साधुवाद दिए । जनताहरूको हर्षपूर्ण कोलाहल स्वर सुनेपछि राजा आश्चर्य चकित भएर यसको कारण बुझाउन पठाए । राजाले जनताको स्वरको यथार्थ कारण बुझाउन पठाए । राजाले जनताको स्वरको यथार्थ कारण थाहा पाएपछि ज्यादै खुशी हुँदै चन्द्रकुमारलाई नै न्यायाधीश बनाइदियो । न्याय पूर्वक र निश्वार्थ पूर्वक न्याय छिन्ने व्यक्तिले मात्र जनतालाई दुःखबाट बचाउन सक्नेछ । त्यस्तो व्यक्तिलाई मात्र जनताले मनपराउने छ । उसको निर्णय मात्र सर्वमान्य हुनेछ । त्यसैले युवराज चन्द्रकुमारलाई न्यायाधिश बनाइएको समाचारले धेरैजसो जनताहरूलाई हर्षित बनायो ।

तर यस घटनाले स्वार्थभावनाले ग्रसित राजपुरोहित खण्डहालको मनमा भूइँचालो गयो । उ क्रोधित बन्न पुग्यो । यो समाचार सुनी । उसको मनमा युवराज चन्द्रकुमार प्रति प्रतिशोधको भावना श्रृजना गराइदियो यस घटनाले ।

एकदिन राजालाई सपनामा रमणिय वातावरणले भरिएको एक अचम्मको लोकको दर्शन भएछ । अन्ध श्रद्धा र विवेक बुद्धिहीन स्वार्थभानाले भरिएको राजाले सोच्नथाल्यो- "आहा" ! क्या रमाइलो लोक यो ? यो त अवश्य पनि स्वर्गलोक हुनुपर्छ । यस्तो लोकमा जन्म लिन पाए क्या मज्जा हुने थियो । म त जसरी भएपनि त्यस स्वर्गलोकमा नगई छोड्दिन । तर त्यहाँ जानको लागि के कस्ता धर्मकर्म गर्नु पर्दो रहेछ, पहिला त्यो कुरो बुझ्नुपर्ला । अनि त्यस स्थानमा जानको लागि जे जस्तो धर्मकर्म गर्न परेपनि पछि हट्दिन ।" यस्तो सोचविचारमा डुविरहेका राजाको सेवामा राजपुरोहित खण्डहाल टुप्लुक्क हाजिर हुनपुगे ।

राजाको सेवामा हाजिर हुनपुगेका खण्डहालले राजा समक्ष भला कुसारी गर्दै सोध - "महाराज ! हजुरको गाठमा सकुसल त छ होइन ? राम्ररी सुक्ला भएको त छ होइन ?"

खण्डहालको कुरो सुनी आफ्नो अचम्मको सपना बताउन कोतुहल भइरहेका राजाले खुशी हुँदै आफ्नो इच्छा व्यक्त गरे- "हे ब्राह्मण ! तिमी त धर्म र विनयका कुशल ज्ञाता हौ । त्यसैले मैले तिमीसंग एउटा प्रश्न सोध्न मन लागिरहेको छ कस्तो पुण्य कर्म गरेमा स्वर्गलोक जान पाइँदो रहेछ ?"



Downloaded from http://www.dhamma.digital

हुनत यस्तो प्रश्नको सही उत्तर सर्वज्ञ बुद्ध अथवा उहाँका श्रावक र उहाँहरू पनि नभएमा बोधिसत्त्व संग सोध्न पाएको भए ठीक र सही उत्तर पाइने थियो । तर यहाँ एक हप्ता बाटो बिराएको मानिसले एक महिना सम्म बाटो बिराएको व्यक्तिसंग सहीमार्ग बारे जानकारी लिन खोजेको जस्तो मात्र भयो । राजपुरोहितले युवराज चन्द्रकुमारसंग बदला लिने स्वर्ण मौका यही हो भन्ने ठानी षडयन्त्र रच्न थाल्यो । उसलाई जसरी भएपनि युवराज चन्द्रकुमारको हत्या गरी आफ्नो भ्रष्टाचारी कार्यको अवरोध हटाउनु थियो। तर चन्द्र कुमारलार्य मात्र लक्ष गरी षडयन्त्र रचाइयो भने सबैले उ प्रति नराम्रो शंका गर्नेछ । त्यसैले लट्ठी पनि नभाँचियोस् सर्प पनि मरोस् भन्ने जुक्ती निकाल्दै खण्डहालले आफ्नो षडयन्त्र रच्न थाल्यो । आफुले रचेको षडयन्त्रमा अरूले शंका उठाउन नपावस् भन्ने मनसायले दुष्ट खण्डहालले मूर्ख राजालाई यसरी सल्लाह दिन थाल्यो- "हे देव ! स्वर्गलोक पुग्नको लागि त चारजवान छोरा, चारवटी छोरी, चारजवान श्रीमती देशका चारजवान महाजनहरू, चारवटा गोरूहरू, चारवटा घोडाहरू र चारवटा हात्तीहरू आदि प्राणीहरूको बली दिई यज्ञ गर्नुपर्छ । अनि मात्र स्वर्गलोक जान पाइन्छ ।"

मूर्ख राजालाई के थाहा ? आफ्नै छोरो युवराज चन्द्रकुमार प्रति पुरोहित खण्डहालको प्रतिशोधको भावनाले भरिएको षडयन्त्रपूर्ण योजना बारे ? उत आफ्नै स्वार्थमा मग्न हुँदै स्वर्गलोक जाने आशामा विवेक बुद्धिहीन बन्दै थिए ।

पुरोहित खण्डहालले आफ्नो कुरामा बढि विश्वास दिलाउनका लागि र राजाले यय यज्ञ गर्नको लागि मन विचलित नगरोस् भन्ने हेतुले फेरि चाल चल्दै भन्न थाल्यो-"महाराज ! यो यज्ञ अलि दृढ चित्त सहित काम गर्न सक्ने व्यक्तिले मात्र गर्न सक्नेछ। मन फितलो पार्ने र छिन छिनमा मन परिवर्तन गर्ने खालका कमजोडी हृदयका व्यक्तिहरूले यस प्रकारको यज्ञ गर्ने आँट गर्न सक्दैनन्। यो एक प्रकारको विशेष फल दिने यज्ञ भएकोले यो यज्ञ गर्ने व्यक्तिको चित्त पनि विशेष गुणले भरिएको दऱ्हो कडा खालको हुनुपर्छ। चानचुने व्यक्तिले यो यज्ञ गर्न सक्दैनन्। त्यसैले महाराजाले अहिले नै दृढ निश्चय गरी यज्ञको निर्णय लिनुभए बेश होला ।"

खण्डहालको कुरा सुनी राजाले आफुले आफैलाई दृढ संकल्प सहितको एक वीर पुरूषको रूपमा घोषित गर्दै हुकुम दिन थाले- जसरी भएपनि राजपुरोहित खण्डहालको सल्लाह बमोजिम यज्ञमा बलि चढाउनको लागि मेरा ४ जवान राजकुमारहरू, ४ जवान महारानीहरू, ४ जवान छोरीहरू, ४ जवान सेंठहरू, ४ वटा हात्तीहरू, ४ वटा घोडाहरू र ४ वटा गोरूहरूलाई ठीक पारी मेरो अगाडि ल्याउनु ।"

राजाको हुकुम सारा देशमा फैलियो । राजदरवारको अन्तः पुरमा जव यो हल्ला सुनियो तब राजपरिवारमा एक भयानक अशान्ति र कोलाहल पूर्ण वातावरणले छायो। राजाका वृद्ध मातापिता दुबैजना ज्यादै दुःखी बने। आफ्ना प्यारा नातीहरू, बुहारीहरू सेंठहरू र अन्य थुप्रै पशुहरू समेतको ज्यान लिई स्वर्ग जान तम्सेका आफ्नो छोराको मुख्याइँ देखेर ज्यादै अपशोच गर्दै रूँदै कराउँदै उनीहरू दुवै जना बृद्ध बृद्धाहरू छोरालाई सम्झाउन आए र यसरी भने- "बाबु छोरा ! तिमीले स्वर्ग जाने आशा राख्दै किन यस्तो नर्क जाने कार्य गर्दैछौ ? यसरी तिमी मूर्ख नबन । हाम्रो कुरो मान छोरा । यो कस्तो खालको यज्ञ हो जुन यज्ञमा आफ्नो छोरा, श्रीमती र अन्य विभिन्न प्राणीहरूको हत्या गरी स्वर्ग जान पाउने लालच देखाइएको छ ?" यस्तो यज्ञको बारेमा त हामीले सुनेका नै छैनौं । यो यज्ञले त तिमीलाई अवश्य पनि नर्कमा लानेछ। त्यसैले तिमीले हामीले भनेको कुरा मानी यो घिनलाग्दो यज्ञ गर्ने तर्फ नलाग। यस कार्यलाई अहिले नै त्याग्ने विचार गर ।"

तर स्वार्थी राजाले आफ्ना माता पिताका सल्लाहलाई कुनै महत्त्व दिएन ।

सर्वप्रथम चार जवान राजकुमारहरू (सूर्य, चन्द्र, भद्रसेन र वैमानिक सूर) लाई पकडेर ल्याउने हुकुम भयो राजाको तर्फबाट ।

दूतहरू सर्वप्रथम चन्द्रकुमार समक्ष पुगी भने "कुमार ! तपाइँलाई मारी तपाइँका बुबा स्वर्गलोक जान चाहनु भएको छ। त्यसैले तपाइँलाई पकडेर ल्याउन हामीलाई पठाइएको छ ।"

यो कुरो सुनी चन्द्रकुमारले भन्यो- "मेरो बुबाले



Downloaded from http://www.dhamma.digital

कसको सल्लाह लिएर मलाई समात्न पठाएको हो ?" दूत - देव ! खण्डहालको कुरा सुनेर ।

चन्द्रकुमार - "उसले म एक्लोलाई मात्र पकड्ने कुरा गरेको हो कि अरूलाई पनि ?"

दूत- "अरूलाई पनि पकड्ने सल्लाह दिइएको छ कुमार ।" यो कुरो सुनी चन्द्रकुमारले सोच्न थाल्यो । - "मेरो त कुनै पनि व्यक्तिसंग वैरभाव छैन । तर खण्डहाल एकजनाले मेरो कारणले उ न्यायाधिश बन्न नपाएको र अन्यायपूर्वक जनताहरूको सम्पत्ति भ्रष्टाचार गर्न नपाएको रीसले मसंग बदला लिने मनसायले नै यस्तो चाल चलेको हुनपर्छ । म एक्लोलाई मात्र मार्ने षडयन्त्र रचेमा सबैको उसमाथि शंका हुने डरले उसले आफ्नो षडयन्त्रलाई ढाकछोप गर्न अरू पनि थुप्रै व्यक्तिहरूको ज्यान लिन खोज्दैछ । कस्तो अन्या हो यो ? मेरो बुबासंग भेटी यी निर्दोष व्यक्ति र प्राणीहरूलाई जीवन दान दिन लगाई मुक्त गराउने जिम्मा मेरो हो ।

यसरी राजाका चारजवान छोराहरू, छोरीहरू र चार श्रीमतीहरूलाई पकडी राजा समक्ष उभ्याइए । राजपरिवारलाई पकड्दै जाँदा जनमानसमा त्यति हल्ला हुन पाएन । तर जब सेंठहरूलाई पकडन गइयो, तब देशभर कोलाहल मच्चियो । मारिन लागेका सेंठहरू आफ्ना नाता कुटुम्बहरूका साथ राजकुल पुगे । नाता कुटुम्बहरूले घेरिएका सेंठहरूले राजासंग आ-आफ्ना प्राणको भिक्षा मागे । धेरै रोए कराए उनीहरू । तर मूर्ख राजाले कुनै व्यक्ति प्रति पनि दयाभाव राखेन । मासु वेच्ने बगरेको अगाडि आफ्नो प्राणको भिक्षा माग्ने प्राणीहरू सरह भएका थिए विचरो महाजनहरू त्यहाँ ।

दुष्ट ब्राह्मण खण्डहाल त यज्ञको तयारीमा जुट्न थालेका थिए । यही मौका पारी राजकुमार चन्द्रले आफ्ना बुबा समक्ष यज्ञमा होमिन लगिएका सबै प्राणीहरूको जीवन दान दिलाउने मनसाय व्यक्त गर्दै भन्न थाले- "देव ! हामीलाई मार्ने काम नगर्नुस् । बरू हामीलाई दास बनाई त्यही खण्डहाललाई सुम्पिदिनुस् । हाम्रो खुट्टामा हथकडी लगाइ दिए तापनि हामीले हात्ती र घोडाको पालन गरी जीवन विताउने छौं । हामी हात्ती घोडाको मल बटुल्ने काम गर्न पनि तयार छौं । हामीलाई मार्ने विचार त्यागिदिनुस् । हामीलाई देश निकाला गरिदिए पनि बरू हामी भिखारी बनी बाँच्न तयार छौं । तर हाम्रो ज्यान नलिइदिनुस् । बिन्ति छ । हे देव । जब हामी बालक थियौं, त्यही समयमा हामीलाई किन मार्नु भएन ? अब त हामी बालककाल नाधी युवक भईसक्यौं, अब आएर हामीलाई विनाकारण, विना अपराध मार्न खोज्दै हुनुहुन्छ ? यदि बाह्य देशहरूले हाम्रो देशमा आक्रमण गर्न आउँदा देश रक्षा गर्नुपर्‍यो भने जंगहरूको रेखदेख गर्न पर्‍यो भने बरू हामीलाई त्यस्तो कार्यमा खटाउने गर्नुस् न । पंक्षीहरूलाई समेत आफ्ना सन्तान प्यारो हुन्छन् भने तपाइँ त मानिस भएर पनि आफ्ना सन्तानहरूलाई हत्या गर्न चाहनु हुन्छ ? तपाइँले अहिले खण्डहाल प्रति अन्ध श्रद्धा राख्दै हुनुहुन्छ । तर खण्डहालले मलाई षडयन्त्र गरी मार्ने चाल चलिरहेको छ । अहिले उसले मेरो कारणले यत्तिका प्राणीहरूको हत्या गर्न खोज्दैछ, पछि उसले अवश्य पनि तपाइँको समेत हत्या गर्ने चाल चल्नेछ । महाराज ! यस ब्राह्मणलाई श्रेष्ठ गाउँ, श्रेष्ठ निगम र श्रेष्ठ भोग सामग्री पनि दानको रूपमा दिइन्छ । त्यतिमात्र होइन यसले कुलमा अग्र पिण्ड भई भोजन पनि ग्रहण गर्दछ । तर महाराज ! यस ब्राह्मणले श्रेष्ठ गाउँ दान दिने व्यक्तिहरूलाई नै अझ नराम्रो सोची कुकर्म पनि गर्दछ । हे देव ! यस्ता ब्राह्मण अकृतज्ञ हुन्छन् । यदि तपाइँले पुत्रहरूको बलि चढाई यज्ञ गरेमा मृत्यु पश्चात् देवलोक पुगिन्छ भन्ने कुरामा विश्वास गर्नुहुन्छ भने सबभन्दा पहिले त्यही ब्राह्मण खण्डहालले यस्तो यज्ञ गराउने हुकुम दिनुस् न । किनभने खण्डहाललाई पनि स्वर्गलोक पुग्ने इच्छा त भइहाल्छ नि । स्वर्गलोक पुग्ने इच्छा त कसलाई मात्र हुँदैन र श्र यदि यसरी आफ्नै छोराहरू बलि दिई स्वर्ग पुगिन्छ भने पहिला खण्डहालका छोराहरू बलि चढाई यज्ञ गर्न दिनुस् न । महाराज ! तपाइँलाई यसरी छोराहरू मारी स्वर्गलोक पुगिन्छ भन्ने सल्लाह दिने ब्राह्मणले पहिला उसले उसका छोराहरू मारी आफु स्वर्गलोक जाने काम किन गरेन ? तपाइँले जस्तै आफ्ना नजिकका परिवारहरूलाई किन मारेन उसले ? उसको यो षडयन्त्रपूर्ण चालबाजीलाई तपाइँले किन बुझ्न सक्नु भएन ? जसले यस्तो अत्याचारी यज्ञ गराउँछ गर्दछ र यस्ता महायज्ञको अनुमोदन गर्दछ, उ अवश्य पनि नरकगामी हुनेछ । यो अवश्यम्भावी हो ।"

यसरी आफ्नो पुत्रले विलाप गरेको सहन नसकी राजाले भने -"कुमारहरूलाई छोडिदिनु । मलाई आफ्ना



Downloaded from http://www.dhamma.digital

छोराहरू मारेर स्वर्गलोक जानु छैन । मेरा छोराहरूलाई कसैले पनि मार्न सक्दैनन् ।"

राजाको आदेश पालन भयो । सबै वन्दीहरू मुक्त गरिए ।

तब खण्डहाल आई राजालाई भने- "महाराज ! मैल तपाइँलाई पहिला नै भनेको थिएँ नि । यो यज्ञ अत्यन्त दुष्कर हो भनेर । तपाइँकै आदेश लिई मैले यज्ञको तयारी गरिसकें । अहिले आएर तपाइँ यस्तो अमूल्य यज्ञको बाधा बनि दिनुभयो । जसले यस्तो महान यज्ञ गराउँछ र गर्छ, ती सबै स्वर्गलोक पुगिन्छ भनेकै थिएँ मैले । अब तपाइँलाई स्वर्गलोक जाने इच्टा छैन भने मेरो भन्नु केही छैन ।" खण्डहालको कुरो सुन्ने वित्तिकै विवेकहीन मूर्ख राजाले स्वर्ग जाने आशा राख्दै फेरि सबै राजकुमारहरू सहित अन्य बन्दीहरूलाई पनि पकड्कन लगाए ।

त्यसपछि पहिला जस्तै फेरि हाहाकार मच्चिन थाल्यो । राजाको मूर्खतापूर्ण र स्वार्थपूर्ण कार्य प्रति राजपरिवार लगायत सबै जनताले विरोध गरेतापनि राजाको मन परिवर्तन गर्न सकिएन । आखिर चन्द्रकुमारका छोरा बालक वासुलले आफ्ना बाज्ये राजा समक्ष लडिबुडी खेली आफ्ना बुबाको जीवन दान माग्दै भने -"मेरा पितालाई नमार्नुस् । म अहिले सानो बालक छु । म ठूलो हुन पाएको छैन ..........." ।

आफ्ना नाती बालक वासुलको विरह सुन्न नसकी राजाको आँखामा आँसुले भरियो र नातीलाई अंकमाल गर्दै भने - बाबु ! तिमीले पीर नलिनु । मैले तिम्रो पितालाई मार्ने छैन । जाऊ तिम्रो बुबालाई भेट्नु । यती भनी फेरि सबै कुमारहरूलाई मुक्त गरिदिए ।

तर फेरि पनि खण्डहालको जालसाजीले भरिएको कुरोले मोहनी लगाएपछि मूर्ख राजाले फेरि राजकुमारहरूलाई समात्न लगाएर यज्ञको तयारीमा लागे ।

धूर्त खण्डहालले विचार गरे "यदि यी बन्दीहरूलाई राजा समक्ष नै राखि छोड्यो भने यिनीहरूले यसरी नै राजा समक्ष अनेक बिन्तीभाव गर्दै यो यज्ञलाई नै बिफल पारिदिन बेर छैन । त्यसैले अहिले समयमै अक्कल निकाली यिनीहरूलाई यज्ञ गर्ने स्थानमा लानु पर्ला ।"

यति विचार गरी उसले बलि दिनका लागि बन्दीको रूपमा ल्याइएका राजकुमारहरू सहित अन्य सबै प्राणीहरूलाई यज्ञ गर्ने स्थानमा लानको लागि आदेश दिए ।

बलिका लागि लगिएका चार राजकुमारहरू, चार राजकुमारीहरू, चार महारानीहरू, चार गृहपतीहरू, ४ हात्तीहरू, ४ घोडाहरू र चार गोरूहरू आदि सबैलाई यज्ञ गर्ने स्थानतर्फ पैदल हिंडाइयो । जब यसरी राजपरिवारहरू सहित अन्य प्राणीहरू पनि बलि दिनको लागि लगिए तब सारा देशवासीहरूले मन थाम्न सकेनन् । तिनीहरू सबै ज्यादै दुखी बन्दै विलाप गर्दै पछि लागे । यसरी जनताहरू पनि पछि लागी यज्ञ गर्ने स्थानतर्फ प्रस्थान गरेको हुनाले देशको द्वारमा मानिसहरूको घुंइचो हुन थाल्यो । देशको द्वार मा मानिसहरू नै नअटाउने तरीकाले जनसमुदायको घुंइचोले ठेलमठेल गरेको देखी खण्डहाललाई भयले सताउन थाल्यो । उसले विचार गऱ्यो- यस्तो भीडले यज्ञ गर्ने स्थानमा घेरियो भने त्यहाँ अवश्य पनि केही उपद्रव हुन सक्छ । त्यसैले समयमै यो घुइँचोलाई रोक्नु राम्रो हुनेछ । यति विचार गरी खण्डहालले आफ्नो काममा बाधा आउनु नदिने विचारले देशको ढोका बन्द गरी देशभित्र बाकी रहेका जनसमुदायलाई देश बाहिर नपठाउने आदेश दिए । अनि पहिला जति पनि जनसमुदाय बाहिर निस्कन पाए, तिनीहरू मात्र यज्ञ गर्ने स्थानतर्फ जान पाए । बाकी रहेका जनसमुदाय यज्ञ स्थानतर्फ जान नपाएको जोशका र निर्दोष व्यक्तिहरू र प्राणीहरूलाई बलि चढाउन लगिएको कार्यको विरोध गर्दै जोशले ठूल-ठूलो स्वरले चिच्च्याउँदै कराउन थाले । उनीहरूको यस्तो भयानक आवाज सुनी पंक्षीहरू सबै आत्तिएर आकाशमा तितर वितर हुँदै उड्न थाले । यसरी त्यो क्षण त एकराजाको देशका डर लाग्दो र भयानक अशान्तिले भरिएको वातावरण छाएको थियो ।

*क्रमश:*

**"कान्त बास गर्ने, शान्त चित्त हुने, धर्मलाई राम्ररी चिन्ने भिक्षुलाई लोकोत्तर आनन्द (जन्म मरण चक्रबाट मुक्ति) प्राप्त हुनेछ ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

# वैशाख पूर्णिमाको पाँच संयोग

✍ शुभवती

अरू वर्षहरूमा झैं यस वर्ष २०७५ साल वैशाख १७ गते बुद्धजयन्तीको रूपमा मनाउँदैछ। जयन्ती भन्नाले कुनै पनि बितिसकेको व्यक्तिको गुणस्मरणको रूपमा मनाउने गरिन्छ । भगवान् बुद्धको गुणस्मरणको रूपमा विभिन्न देशमा आआफ्नो तरिकाले बुद्धजयन्ती मनाइन्छ। नेपालमा पनि 'वैशाख पूर्णिमा' स्वाँया पुन्हीको रूपमा विभिन्न रचनात्मक कार्यक्रमहरू गरी बुद्धजयन्ती मनाउँदै आइरहेको छ। वैशाख पूर्णिमा बुद्धसँग सम्बन्धित पाँचवटा घटना (संयोग) परेको दिनको रूपमा लिइन्छ । यी पाँच संयोगको बारेमा जानकारी लिई त्यसको महत्त्वको बारेमा यहाँ चर्चा गरिएको छ ।

**१. जन्म** –

नेपालको वर्तमान कपिलवस्तु जिल्लाको तत्कालीन राजा सुद्धोदन र महारानी महामायादेवीको सुपुत्रको रूपमा लुम्बिनी वनको सालवृक्षको मुनि सिद्धार्थको जन्म ई.पू. ६२३ मा भएको थियो । तद्अनुसार ६२३ + ई.सं. २०१८ गरी २६४१ वर्ष पूरा भई २६४२ वर्ष प्रवेश भयो ।[१] बुद्धको जन्मको विषयमा विभिन्न विवादहरू आएको पनि देखिन्छन् । तर जनरल खड्गशमशेर ज.ब.रा. र डा. ए. फुहररले १८९५-९६ मा लुम्बिनी, निग्लिहवा र कोटीहवामा तीन अशोकस्तम्भ पत्ता लगाएर सर्वप्रथम "हिद बुधे जाते, हिद भगवे जाने'ति लुँमिनि गामे" उत्कीर्ण गरिएको अशोकको शिलास्तम्भ प्राप्त भएको छ । त्यही कारणले बेलायतीहरूले भारतीय पुरातत्वविद् पि.सि. मुखर्जीलाई अनुसन्धान गर्न पठाए । उनले अरोराकोट (निग्लिहवा) कनकमुनि बुद्धको जन्मभूमि, कोटीहवा ककुछन्द बुद्धको जन्मभूमि र लुम्बिनी शाक्यमुनि बुद्धको जन्मभूमि हो भनेर निश्चित किटानसहित प्रमाण गरिदियो ।[२] यसै गरी ह्वेनसाङ, चीनिया यात्री फाहियान, देवलामित्र, नेपालको पुरातत्व विभाग, केशरशमशेर, लुम्बिनी विकास कोष र बुद्धिस्ट फेडेरेसन आदिले गरिएको उत्खननबाट पनि बुद्धको जन्म लुम्बिनीमा नै भएको प्रमाण गरिसकेको छ। यही उत्खननहरूबाट कसैले पनि औंला ठडाउन नसकिने गरी बुद्धको जन्म लुम्बिनीमा वैशाख पूर्णिमाको दिन भएको प्रमाण देखाइसकेको छ। २९ वर्षको उमेरसम्म दरबारिया सुख-सुविधा भोग्नुभयो । त्यसपछि जगतसंसार उद्धारको लागि कपिलवस्तु दरबार, नाबालक छोरा राहुल र पत्नी यशोधरादेवीलाई त्यागी गृहत्याग गर्नुभयो ।

**२. बोधिज्ञान प्राप्त** –

सिद्धार्थ २९ वर्षको उमेरमा गृहत्याग गरेपछि 'दुःख के हो ? दुःखको कारण के हो ? दुःखबाट मुक्त रहन के-कस्ता मार्गहरू अपनाउनुपर्दछ ? भन्ने ज्ञानको खोजि गर्नुभयो । ६ वर्षको अथक प्रयासपछि ती प्रश्नको उत्तर पत्ता लगाउनुभई बोधिसत्त्व सिद्धार्थले बुद्धगयामा वैशाख पूर्णिमाको रातमा मारलाई विजय गरेर ध्यानाभ्यास गर्दै रातको प्रथम याममा पूर्वजन्मको ज्ञान, मध्यम याममा दिव्यचक्षु ज्ञान र अन्तिम याममा आस्रवक्षय ज्ञान प्राप्त गरी सम्यक सम्बुद्ध हुनुभएको थियो । बुद्धत्व प्राप्तपछि प्रसन्नता प्रकट गर्दै यसरी उदान भन्नुभयो–

"अनेक जन्म लिइयो दौडिँदै एकपछि अर्को गृहकारकलाई खोजिँदै दुःख जन्म भयो बारबार ।

हेर त गृहकारक तिमीले फेरि घर बनाउन सक्दैनौ ।

तिम्रा सारा सामाग्रीहरू भाँचिदिएँ धूरी चूर्ण गरिसकेँ संस्काररहित चित्त भयो तृष्णा विनाश भइसक्यो ।"[३]

यसरी उहाँले आजभन्दा २६०६ वर्षअगाडि बोधिज्ञान प्राप्त गर्नुभएको थियो । सो दिन पनि वैशाख पूर्णिमाकै दिन थियो ।

**३. महापरिनिर्वाण** –

आफूले प्राप्त गर्नुभएको ज्ञान ४५ वर्षसम्म बहुजन हित र बहुजन सुखको लागि बाँड्ने बाटोमा लाग्नुभयो । सबै संस्कारको अनित्यभाव देखेर कुशीनगरको शालवृक्षको मुनि तथागत ८० वर्षको उमेरमा आफ्नो भिक्षुहरूलाई आमन्त्रण गर्नुभई– "हे भिक्षु हो । अब म भन्दछु कि सबै संस्कारहरू नश्वर छन् । अप्रमादपूर्वक सम्पादन गर

१. Butval Buddhist.group.com

२. कोण्डन्य (सं.), **सम्यक सम्बुद्ध**, सुखी होतु नेपाल (२०६०), पृ. २०७ ।

३. ऐजन, पृ. १७ ।



Downloaded from http://www.dhamma.digital

(वय धम्म सङ्खारा अप्पमादेन सम्पादेथ)[४] यसरी अन्तिम वचन प्रकट गर्नुभई बुद्धको परिनिर्वाणको २५६१ वर्ष पूरा भई यस पालिको बुद्धजयन्ती २५६२ औँ बुद्धजयन्तीको रूपमा मनाउँदै छन् ।

**४. प्रथम पटक कपिलवस्तु आगमन –**

सिद्धार्थकुमारले गृहत्याग गरेपछि कपिलवस्तुका राजा शुद्धोदन र महाप्रजापति गौतमीलाई आफ्नो छोराको मुख हेर्ने ठूलो इच्छा थियो । शुद्धोदन राजाले नौ पटकसम्म दूत पठाउँदा पनि कसैले राजाको समाचार बुद्धसमक्ष भनेको थिएनन् । सिद्धार्थ जन्मेको दिनमा कालुदायी मन्त्रीले 'आफ्नो छोराको मुख हेर्ने इच्छा पूरा गरिदिन्छ भन्ने आशाले उसलाई दशौंपटक भगवान्‌कहाँ पठाए । मन्त्री पनि राजासँग प्रव्रजित हुने अनुमति पनि लिई कपिलवस्तुबाट राजगृह गई भगवान्‌लाई शुद्धोदन राजाको समाचार सुनाए र भगवान् बुद्ध फागुन पूर्णिमाको दिन आफ्नो बीस हजार भिक्षुसङ्घसहित आफ्नो गृहनगर कपिलवस्तुको निम्ति राजगृहबाट प्रस्थान गर्नुभयो ।[५] साठी योजन टाढा कपिलवस्तु नगरमा २ महिनापछि अर्थात् वैशाख पूर्णिको दिनमा पुग्नुभयो । भगवान् बुद्ध हुनुभएपछि उहाँको यो प्रथम पटक कपिलवस्तु आगमन थियो ।

**५. सुमेध तपस्वीले बुद्धत्वको लागि प्रार्थना –**

चार असङ्ख्य र एक लाख कल्प पहिले अमरावती भन्ने एक नगरमा सुमेध भन्ने ब्राह्मण थियो ।[६] त्यही नगरमा सम्यक सम्बुद्ध दीपङ्कर बुद्धलाई स्वागत गर्नको लागि सबै जनता तयार भइरहेका थिए । सबै जना सफासुग्घर गर्न र स्वागतको लागि आआफ्नो जिम्मा पूरा गर्न तत्पर थिए । सुमेध तपस्वीले पनि बाटो बनाउने जिम्मा लिएको थियो । काम गर्दागर्दै दीपङ्कर बुद्ध सवारी गराउने बाटो दुई हात जति जमिनमा हिलो पुर्न बाँकी नै थियो । त्यसैले भगवान् बुद्ध अगाडि सवारी गराउनको लागि उक्त हिलो कुल्चिएर नै जानुपर्ने थियो । अब के गर्ने ? त्यसैले सुमेध तपस्वी घोप्टो परी लेटिदियो । जसले गर्दा भगवान् उनको शरीरमा टेकी हिलो भएको बाटो पार गर्नुभयो । यसरी भगवान् बुद्धको पाउमा हिलो पनि लागेन र कुनै कष्ट पनि भएन । यसरी हिलोमा लेटिरहनुभएका तपस्वी सुमेधले बुद्धको अनुभाव देखेर मनै मनले 'भगवान् दीपङ्करसमक्ष आफू पनि सम्यक सम्बुद्ध बन्न सकुँ' भनी प्रार्थना गरिरहे– जसबाट केवल उसको मात्र नभई थुप्रै व्यक्तिहरूले जन्म-मरणचक्रबाट मुक्ती प्राप्त गर्न सकुन्– भनी प्रार्थना गऱ्यो । उहाँको मनोदसालाई जान्नुभएका दीपङ्कर तथागतले तपस्वी सुमेधको भविष्यलाई नियाल्नुभयो । तब तपस्वी सुमेध सम्यक सम्बुद्ध बन्न सक्ने सम्भावना देखी उसलाई आर्शिवचन दिनुहुँदै यसरी भविष्यवाणी गर्नुभयो । "चार असङ्ख्य र एक लाख कल्पसम्म आवश्यक पारमिताहरू पूरा गरी तिमी सिद्धार्थ गौतमको नामले बुद्ध बन्ने छौ ।[७] यसरी दीपङ्कर तथागतले तपस्वी सुमेधलाई बुद्ध हुनेछौ भनी भविष्यवाणी गर्नुभएको दिन पनि वैशाख पूर्णिमाको दिनमा नै पर्छ ।

**निष्कर्ष –**

विश्वका ज्योति भगवान् बुद्धको जन्मजयन्ती (वैशाख पूर्णिमा) विभिन्न देशमा आआफ्नो देशको चालचलनअनुसार दान, शील, भावनाको अभ्यास गरी हर्षउल्लासका साथ मनाइन्छ । बुद्धसँग सम्बन्धित महत्त्वपूर्ण पाँचवटा घटनाहरू घटेको संयोग जुरेको दिन भएकोले वैशाख पूर्णिमाको दिनलाई महत्त्वपूर्ण दिनको रूपमा लिने गरिन्छ । ❖

४. अनु. वज्राचार्य, दुण्डबहादुर, **दीघनिकाय**, वीर-पूर्ण पुस्तक संग्रहालय (२०५६), पृ. २८० ।

५. भिक्षु अमृतानन्द, **बुद्धजीवनी**, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, २०६३, पृ. ७३ ।

६. ऐजन, पृ. ३ ।

७. ऐजन, पृ. १९ ।

सन्दर्भ-सामाग्री -


१. Butval Buddhist.group.com
२. सं. कोण्डन्य (२०६०), **सम्यक सम्बुद्ध**, सुखी होतु नेपाल ।
३. अनु. वज्राचार्य, दुण्डबहादुर (२०५६), **दीघनिकाय**, वीर-पूर्ण पुस्तक संग्रहालय, पाटन ।
४. भिक्षु अमृतानन्द (२०६३), **बुद्धजीवनी**, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।
५. अनु. वज्राचार्य, दुण्डबहादुर (२०६८), **जातक**, वीर-पूर्ण पुस्तक संग्रहालय, पाटन ।
६. भिक्षुणी वीर्यवती, **धर्मकीर्ति** (२०६३), धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।




Downloaded from http://www.dhamma.digital

# नेपाल : भगवान् बुद्धको जन्मस्थल तथा कर्मस्थल

✍ बखतबहादुर चित्रकार
*अध्यक्ष- थेरवाद बौद्ध दायक केंद्रिय परिषद, काठमाडौं*

भगवान् बुद्धको जन्मस्थल त लुम्बिनी, नेपाल हो भने कतिपय कर्मस्थल नेपालमा पनि पर्दछ। यो निर्विवाद सत्य हो, वस्तुगत तथ्य हो। लुम्बिनीमा अवस्थित अशोक स्तम्भ र त्यसमा पालि भाषामा लेखिएको अभिव्यक्तिले जन्मस्थललाई प्रमाणित गरिदिएको स्पष्टै छ । साथै महाज्ञान प्राप्त भएपछि लामो समयसम्म भगवान् बुद्धबाट नेपालका विविध भागमा भएका भ्रमण, सम्पादन गरिएका कार्य, उपदेशका अनन्त श्रृङ्खला सुन्नेहरूका यथार्थ अनुभूति तथा अनुभवले बुद्धको कर्मस्थल नेपाल पनि भएको पुष्टि अनेक ढङ्गमा भएको पाइन्छ ।

उपरोक्त सत्यमा ध्यान नदिई बुद्धको कर्मस्थलबारे यदाकदा कतै-कतैबाट भ्रम फैलाउने चेष्टा गरेको देखिन्छ। यसबाट केही समय कसै-कसैलाई बौद्धिक विलास होला तर त्यसबाट भ्रम वा असत्यबाहेक केही पनि प्राप्त हुँदैन। यस्तो भ्रमपूर्ण चिन्तनलाई वास्तवमा अहिलेको शिक्षित समाजमा कुनै स्थान छैन। यस्तो प्रयासले बुद्धसँग सम्बद्ध प्रसङ्ग र सन्दर्भलाई विभिन्न स्वार्थले आआफ्ना तात्कालिक वा रणनीतिक लाभ प्राप्तिका निमित्त तोडमोड गर्दै अर्कै धारमा लाने खतरा पनि हुन्छ; जसबारे प्रत्येक नेपाली निरन्तर होशियार भइरहनु पनि पर्छ ।

**कार्यस्थलको परिवेश –**

नेपालमा बौद्ध ज्ञान, अभ्यास तथा चिन्तन कतैबाट आयात भएको होइन। तिनलाई कसैले यहाँ ल्याइदिएको पनि होइन । आफूले बुद्धत्व प्राप्त गरेपछि, महाज्ञान प्राप्तिपछि भगवान् स्वयंले सो ज्ञानलाई सबैको कल्याणलाई मध्यनजरमा राखेर सरल ढङ्गमा विविध क्षेत्रका विविध समाजमा पुऱ्याउनुभएको हो, समाज त्यसलाई टिप्दै, पछ्याउँदै अघि बढेको हो। यस क्रममा भगवान् बुद्धले नेपालका विविध भागमा पुगेर सर्वसाधारणमाझ ज्ञान प्रबर्द्धन गर्नुभएको स्पष्ट देखिन्छ, बौद्ध जीवनको अभ्यासका उदाहरण पेश गर्नुभएको दृष्टान्त पनि अनगिन्ती नै छन्। यिनले बुद्धको कर्मस्थल नेपाल पनि भएको कुरा उद्घोष मात्र गरिरहेका छैनन्। तिनले नेपाल पनि बुद्धको कर्मस्थलको रूपमा प्रमाणित गरिरहेको छ।

भगवान् बुद्धले प्रत्येक दिन ध्यान गर्ने, चित्त शुद्धि अभ्यास गर्ने, भ्रमण गर्ने, भिक्षाटन गर्ने, उपदेश दिने, उपयुक्त आहार, आचार व्यवहार गर्ने, सर्वसाधारणका समस्याको समाधान गर्ने क्रममा भएका अनेक प्रसङ्ग कतै कथाको माध्यमबाट, कतै पालि भाषा वा अन्यका श्लोकका माध्यमबाट त कतै अभ्यासको माध्यमबाट त कतै अनुभवीहरूको अभिव्यक्तिबाट कालान्तरसम्म पुस्तान्तरण हुँदै आएको हो । प्रारम्भमा बुद्धलाई प्रत्यक्ष सुन्नेहरूले अनि क्रमशः उनीहरूले, शिष्यहरूले अरूलाई अर्को पुस्तालाई सुनाएर बुद्धज्ञान र अभ्यास हस्तान्तरण हुँदै आएको हो। जीवनमा बुद्धशिक्षा अभ्यास गर्ने क्रमिकता पनि त्यसै गरी नै नेपालमा एक पुस्ताबाट अर्कोमा सर्दै आएको हो। पछि पुस्तकमा प्रकाशन गरेर, विद्वान्हरूले धर्म चिन्तन गरेर, शोधकर्ताहरूले खोजी गरेर, अभ्यासीहरूले अभ्यास नै गरेर बुद्ध ज्ञान र अभ्यासलाई आम रूपमा जीवनमा समाजमा अहिलेसम्म निरन्तरता दिइरहेकै देखिन्छ । यही बौद्ध ज्ञानको अटुट परम्परा र अभ्यासको निरन्तरता स्वयं नै बुद्धको कार्यस्थल नेपाल पनि भएको पुष्टि होइन र ?

बुद्धको जन्मस्थल लुम्बिनी, राजा सुद्धोदनको शासन क्षेत्र, दरबारस्थल, कपिलवस्तु, यशोधराका माइतीस्थल र ती वरपरका क्षेत्र भगवान् बुद्धबाट प्रारम्भिक समयमै प्रभावित भई भिक्षु बन्न अभिप्रेरित कुनै दाजुभाइसहित एक हजार अनुयायीहरूको विविध स्थानका प्रसङ्गलाई शूक्ष्म रूपमा केलाएर हेर्ने हो भने भगवान् बुद्धको समयदेखि नै नेपालका ती क्षेत्र बौद्ध चिन्तन र जीवनसँग परिचित मात्र होइन अभ्यस्त नै भएको पाइन्छ । साथै ती स्थानमा उपलब्ध विविध पुरातात्विक सम्पदा, वस्तीका सन्दर्भ तथा लेखनलाई विश्लेषण गर्नेहरू पनि बुद्धको कार्यस्थल नेपाल पनि भएको पुष्टि गर्ने थुप्रै प्रमाण फेला पार्छन् । बौद्ध चिन्तन र जीवनसँग निकटस्थ अभ्यास तथा बौद्धिक कथनका आधारमा पनि यही कुराको निर्क्योल निस्कन्छ । बुद्धको कार्यस्थल अन्यत्रै हो भनी वकालत गर्नेहरूले राम्ररी बुझ्नुपर्छ– उपरोक्त स्थानमा बुद्धको



Downloaded from http://www.dhamma.digital

पालादेखि नै प्रचलित चिन्तन, अभ्यास तथा जीवनशैली तथा वस्तुगत बस्तीमा प्रत्यक्ष परोक्ष रूपमा कोरिएका तथ्यले नेपाल पनि बुद्धको कार्यस्थल भएको कुरालाई स्पष्ट रूपमा औँल्याइरहेछन् ।

**नेपालबाट बाहिर फिँजिएको ज्ञान र अभ्यास –**

हो, बौद्ध ज्ञान र अभ्यास तीभित्रका वैज्ञानिक, व्यावहारिक एवं मानवीय गुण, मूल्य र मान्यताका कारण कालान्तरमा क्रमशः नेपालबाट बाहिरतिर फैलँदै गयो, यसको व्यापकता विस्तार हुँदै रह्यो । बुद्ध स्वयं नै मानवको वृहत्तर हितका लागि विभिन्न स्थानको भ्रमण गरी बौद्ध ज्ञान र अभ्यास फिजाउन सँलग्न हुनुभएको हो । अनि स्वाभाविक रूपले भगवान् बुद्धको कार्यस्थल फराकिँदै गएर विश्वव्यापी नै हुन पुग्यो । संसारका विविध क्षेत्रमा रहने-बस्नेहरूले नेपालमा भएका बौद्ध चिन्तन र अभ्यासलाई विविध माध्यमबाट सिक्ने-सिकाउने, सुन्ने-बुभ्ने, चिन्तन गर्ने, बुद्धलाई स्थापित गरेर उहाँको अनुयायी बन्ने-बनाउने, बौद्ध जीवन अनुशरण गर्ने-गराउने आदि क्रम अहिलेसम्म पनि चालू नै छ । भगवान् बुद्धको चित्तसम्बद्ध सचेतना र शुद्धिलाई त अहिलेका युगका मनोचिकित्सकहरू सबभन्दा बढी वैज्ञानिक भनी ओखतीमुलो गर्न त्यसैको प्रयोग गर्न थालेको पाइन्छ । विश्वभर अहिले बौद्ध ध्यान– विपश्यनातर्फ देखिएको आकर्षणलाई यसै क्रमको पछिल्लो कडीभन्दा हुन्छ । त्यो ध्यानको रेखालाई विगततिर २५ सय वर्षअघिसम्म खिच्दै जाने हो भने भगवान् बुद्धले महाज्ञान प्राप्तिपछि नेपाली भूमिमा नै सिकाउनुभएको ध्यानको विन्दुमा नै पुगिन्छ भन्नु अतिशयोक्ति होला र !

बौद्ध ज्ञान र अभ्यास नेपालबाहिर नफराकिने पनि कुरै भएन । दुवै मानवजीवनसँग, विश्वसँग प्रत्यक्ष रूपमा सम्बद्ध– चार जीवन्त सत्य छन् । तिनमा जीवनमा दुःख हुन्छ, त्यसको कारण पनि हुन्छ, कारण हटाउँदा दुःख हट्छ, मध्यम मार्ग नै उचित हो । आठ मार्गका अनुशरणले दुःख हट्छ । एक विद्वान् वलपोल राहुलले स्पष्ट नै भनेको पाइन्छ, "संसार र जीवनमा दुःख र पीडा छ भन्ने बुद्धवचनलाई यथार्थ वैज्ञानिक सत्यको रूपमा लिनुपर्छ, यसलाई बुद्ध भावनामा नैराश्य छ भनेर बुभ्नु हुँदैन । त्यसलाई दुःखको कारण हुने, सत्य कारणको निरोध हुने र त्यसबाट मुक्ति मिल्ने मार्ग छ भन्ने परिवेशमा अवलोकन गर्नु व्यवहारिक हुनेछ ।"

बौद्ध निर्देशिका पनि उत्तिकै व्यवहारिक छ– बुद्धको सङ्केत (उपदेशको सही अर्थ) बुभ्क, धम्मको (सत्य, अहिंसा, करुणा) बाटो लाग, सङ्घको (सुसङ्गत) साथले यात्रा सुगम हुन्छ । बुद्धवचनमध्येका मूल सन्देशमा शरीर, वचन र मनको शुद्धतालाई प्राथमिकतामा राखिएको तथा तिनको शुद्ध सचेत अभ्यासमा विशेष जोड दिइएको प्रसङ्गले वैज्ञानिकहरूलाई अहिले पनि प्रभाव पारिरहेछ ।

**आवश्यकता –**

नेपालका विगतका विविध कालखण्डका शासकले यस्तो महाज्ञान र जीवन अभ्यासको मर्म, मूल्य र मान्यतालाई नबुभ्दा वा बेवास्ता गर्दा वा किनारामा पार्दा भने धेरै कालसम्म देशभित्र यो विस्मृतिमा पऱ्यो । तर बाहिर विश्वमा फिजिएर अहिले ३० करोडको हाराहारीका मान्छेका लागि प्रत्यक्ष अभ्यासको विषय र अन्यका लागि चिन्तन, चासो, सरोकारको विषय बन्न पुगिरहेको छ । अहिले पनि नेपालमा बौद्ध चिन्तन, शोधमा नेपाल पनि बुद्धको कार्यस्थलका विषयमा जति चर्चा, बहस, तथा विचार विमर्श हुनुपर्ने हो, लेखन, विश्लेषण तथा व्याख्या हुनुपर्ने हो हुन सकेको छैन । एक अर्थमा नेपाल पनि बुद्धको कर्मस्थल हो भन्ने विषयका अनेक आयामलाई आम चर्चामा बौद्धिक बहसमा वा सार्वजनिक चिन्तनमा ल्याइएको नै छैन । यसो गर्दा बुद्धसंबद्ध एक गहन पक्ष ओभ्केलमा पर्ने सम्भावना रहन्छ ।

महाज्ञान प्राप्तिपछि नेपालमा भगवान् बुद्धबाट भएका उपदेशक्रम, कार्य एवं मानवीय समस्याका समाधानका सन्दर्भहरूलाई केलाउनेतिर पाइला चालिएको छैन । यो आलेखको आशय हो– सम्बद्धहरूमा बौद्धिक चिन्तन र अभ्यासको मूल कार्यस्थल बौद्धकालिन समयदेखि नै नेपाल रहेको भन्ने विषयमा पनि ध्यान केन्द्रित गर्दै जानु आजको आवश्यकता हो । यसो गरिएन भने कालान्तरमा सम्बद्ध यथार्थ बुद्धको मूल कार्यस्थल नेपाल पनि हो– भन्ने मूल्य अँध्यारोमा पर्दै जाने खतरा पनि छ । अहिले नै कतिले त कार्यस्थलको विषयमा केही भ्रमको खेती गरेको पनि नदेखिने होइन । यसैले सक्रिय रूपमा बुद्धको कार्यस्थल नेपाल पनि हो भन्ने विषयका अनेक आयामलाई प्रकाशमा ल्याई जनमानसलाई सही रूपमा सुसूचित गर्नु आजको आवश्यकता हो । ❖



Downloaded from http://www.dhamma.digital

# जीवन-कला

✍ नरेन्द्रनाथ भट्टराई

आनन्दसँग जीवनयापन गर्न जान्नुलाई नै जीवन-कला भनिन्छ। यसलाई जीवनको अनुशासन पनि भनिन्छ। सांसारिक जीवनयापन गर्नेले त समयानुकूल बुद्धि-विवेक पनि पुऱ्याएर चल्नुपर्दछ भने खास गरी मनुष्यजीवनको अन्तिम पक्ष वृद्धावस्था सुचारु रूपले चलाउन त झन् कठिन हुन्छ। शरीरमा शक्ति हुँदैन, यस अवस्थामा कमाई गर्न सक्दैन, बारम्बार रोगले आक्रमण गर्दछ, सांसारिक रमझम-भोगविलास सबै व्यर्थजस्ता देखिन थाल्छन् । छोराछोरी, नातिनातिनीहरूबाट अपहेलित हुन थालिन्छ। वृद्धावस्थामा आफ्नो साथमा केही धन-सम्पत्ति पनि नभएको मानिसको हालत त झन् दुःखदायी हुन्छ ।

एकजना विद्वान् ब्राह्मणका चारजना छोरा र दुइटी छोरी थिए। ती ब्राह्मणले सबै छोराछोरीलाई राम्ररी पढाएर विवाह पनि गरिदिए । एकसेएक पढे-लेखेका बुहारीहरू भित्र्याइयो । बूढाबूढीले आफ्ना छोराछोरीको पढाई र विवाहमा भएभरका धन खर्च गरे। छोराहरू र ज्वाइँहरूले उच्च-उच्च पदमा जागिर पनि पाए। एक दिन बूढा पण्डित अचानक मरे। अब बुढिया एक्ली भइन्। कतै जाउँ, केही गरूँ आफूसँग पैसा छैन । बुहारीहरू सासूको कोठामै पस्दैनन् । छोरालाई त झन् भेट्नेसम्म फुर्सद छैन । बल्ल-बल्ल छोरालाई केही भन्यो भने म बुहारीलाई भनिदिउँला भन्दथे । बुहारीलाई भन्यो झर्किने, फर्किने, वास्तै नगर्ने। बुढियाले बिहान-बेलुका पेटभरि राम्ररी खान पनि नपाउने भइन् । एक दिन बिहान देउताथान जान लाग्दा आफ्ना पतिका साथी एक जना पण्डितजीसँग भेट भयो । आफ्ना मित्रको पत्नी त्यसरी दुब्लाएको देखेर के भयो भनी सोधे । बुढियाले गहभरी आँसु निकालेर सबै वृतान्त भनिदिइन्। तब पण्डितजीले म तपाईंको समस्या समाधान गरिदिन्छु, भोलि म दिउँसो एउटा कन्तुर लिएर आउँछु र तपाईंसँग कुरा गर्छु। तपाईं सही थापेर हुन्छ हुन्छ, हो हो मात्र भन्नुस्। सब ठीक हुन्छ ।

भोलिपल्ट एक जना मानिसलाई एउटा कन्तुर बोकाई पण्डितजीले चोकबाटै "माथि को हुनुहुन्छ ?" भनी कराए । एउटी बुहारीले देखिन् र कसलाई भेट्न आउनुभएको भनी सोधिन्। फलाना ब्राह्मणको नासो यो कन्तुर उहाँकी धर्मपत्नीलाई बुझाइदिन आएको, उहाँ हुनुहुन्छ कि भनी ती पण्डितले भने । बुहारीले माथि कोठामा हुनुहुन्छ आउनुहोस् भनी कोठामा लगिदिइन् । बुढियालाई नमस्कार गर्दै पण्डितजीले त्यो कन्तुर बुढियाको अगाडि राखिदिए । उता ती बुहारीलाई कन्तुर र मानिसबारे खसखस लाग्न थाल्यो। अरू बुहारीहरूलाई पनि भनिदिइन्। सबै बुहारीहरू ढोकाबाहिर बसेर सुन्न थाले । पण्डितजीले भन्न थाले– "हेर्नुहोस् बज्यै ! यो कन्तुरमा तपाईंको पतिले सुन, चाँदी र केही गहना मलाई नासो राख्न दिनुभएको थियो, यसभित्र हजारौँको सम्पत्ति छ, उहाँ त बित्नुभयो । अब तपाईंले यसलाई राम्ररी सम्हालेर राख्नुहोला, म तीर्थ जान लागेँ। लौ यो साँचो घाँटीमा झुण्डयाउनुहोस्" भन्दै साँचो घाँटीमा झुण्डयाइदिएर पण्डितजी बिदा भएर निक्लिए ।

सबै कुरा ढोकाबाहिरबाट बुहारीहरूले सुनिरहेका थिए। पण्डितजी जाने बित्तिकै बुहारीहरू बुढियाको वरिपरि बसेर चिया ल्याउँ कि भनी एउटीले भनिन्, अर्कीले हलुवा बनाएर ल्याउँछु भनी निस्किन् । अर्की चाहिँ खुट्टा सुमसुम्याउन लागिन् भने अर्कीचाहिँ ओछ्यान तह लगाउन लागिन्। साँझ पतिहरू आएपछि सबै वृत्तान्त सुनाइदिए । त्यस दिनदेखि त छोराहरू पनि आमाकहाँ आउने, सन्चो-विसन्चो सोध्ने गर्न थाले । बुहारीहरूले मीठा-मीठा खाना ठीक-ठीक समयमा खुवाउने, स्याहारसुसार गर्ने, राम्रा-राम्रा लुगा ल्याइदिने गर्न थाले। बीच-बीचमा सबैको नजर घाँटीको साँचो र सिरानीको कन्तुरमा जान्थ्यो । कालगतिले बुढियाको मृत्यु भयो । साँचो र कन्तुरको लागि पञ्चायत डाकियो। काजकिरिया सकिएपछि पञ्च पलादमीको सम्मुखमा कन्तुर खोलियो। कन्तुरभित्र दर्शन ढुङ्गाका टुक्रा र तेलिया इँटका टुक्रा चारवटा निस्कियो ।

यस्तो पनि हुन्छ जीवन-कला। ❖

*"आफूलाई प्राप्त भएको लाभ अलिकति भएपनि यसलाई तुच्छ नठानी शुद्ध जीविका गर्ने, आलस्य रहित भिक्षुलाई देवताले पनि प्रशंसा गर्दछ।" - धम्मपद*



Downloaded from http://www.dhamma.digital

# म्यानमार भ्रमण एक अनुभव

✍ सुमना गुरुमां



*म्यानमारस्थित वगानको स्वेदगों पगोडा*

विश्वका विभिन्न देशहरूमध्ये बौद्ध थेरवादी देशको रूपमा बर्मा देशलाई पनि लिन सक्छौं । यस देशमा भगवान् बुद्धको उपदेश 'त्रिपिटक'लाई आस्था र श्रद्धापूर्वक जगेर्ना गरिराखेको हामीले देख्न सक्छौं ।

यो सुन्दर देश दक्षिण एसियाली मुलुकअन्तर्गत पर्दछ। जहाँ १०० भन्दा बढी जातिय समूहहरू बसोवास रहेको पाइन्छ। यो देश भारत, बङ्गलादेश, चीन, लाओस र थाइल्यान्ड देशहरूसँग सीमा जोडिएको पाइन्छ। बर्मा (म्यानमार) लाई भौगोलिक हिसाबले Upper Burma, Midddle Burma र Lower Burma गरी तीन भागमा विभाजन गरिएको पाइन्छ । April 1937 मा बर्मा बेलायतको उपनिवेश बनेको थियो भने 4th January, 1948 मा स्वतन्त्र भयो । यसै गरी १९६२ देखि २०११ सम्म सैनिकशासन रहेको थियो। समय र शासनव्यवस्थासँगै त्यहाँको राजधानी पनि परिवर्तन गरिएको पाइन्छ। हाल बर्माको नयाँ राजधानी नपिदो (Naypyidaw) रहेको छ।[१]

यस देशका मानिसहरूमा धर्मको प्रभाव निक्कै देखिन्छ। गाउँदेखि सहरसम्म जताततै बुद्धधर्मका अनुयायी र चैत्य-विहार देख्ने सुअवसर प्राप्त गर्न सकिन्छ। यहाँको विकसित सहरहरूमध्ये यंगुन पनि हो; जुन विगतमा राजधानीको रूपमा रहेको थियो । यसै सहरमा भगवान् बुद्धको केशधातु राखेर बनाइएको (Golden Pagoda) स्वेदगों फया भन्ने चैत्य पनि छ । जुन बर्माको प्रख्यात चैत्यमध्ये एक हो । यसै गरी यहाँ छैठौं संगायन गरिएको स्थान पनि हेर्न सक्छौं। यो सहर बर्माको विकसित सहरको रूपमा रहेको छ। यहाँ सैनिकशासनको समयमा यो सहर शैनिककोलोनिको रूपमा रहेको थियो ।

यसरी बुद्धको शिक्षा (धर्म) लाई हेर्न, देख्न र अनुभव गर्न पाउने देश बर्मा हो । प्रारम्भिक उतारचढावपछि हालसम्म पनि शासन चिरस्थाइको सम्बन्धमा यहाँको छुट्टै इतिहास रहेको छ । सुरुवाती इतिहास भएको स्थानको रूपमा 'वगान' लाई लिन सकिन्छ। अहिलेको शुद्ध धर्मको

१. MA course- note-by-M.R.S.-google



Downloaded from http://www.dhamma.digital

नयाँ युगको प्रारम्भ गर्ने पुरानो ऐतिहासिक स्थानको रूपमा वगानलाई लिन सक्छौं । वगानमा लगभग २००० भन्दा बढी स्तुपहरू रहेको पाइन्छ । ऐतिहासिक स्थल वगान मण्डलेको दक्षिणी भागमा पर्दछ । ऐरावती नदीको पूर्व दिशातर्फको त्यस ठाउँलाई वगानक्षेत्र भनिन्छ । यहाँ १००० वर्षभन्दा अगाडिका स्तुपहरू पनि छन् । वगानको चारैतिर साना-ठूला स्तुपहरू देख्न सकिन्छ । साँझपख वगानबाट अस्ताउँदो सूर्यको झलक पनि देख्न सकिन्छ । ऐरावती नदीको किनार र सँगै देखिने पहाड र चारैतिर भएको स्तुपको कारण वगान ज्यादै सुन्दर र मनोरम स्थलको रूपमा लिन सकिन्छ ।

वगानमा राजा अनोरथले 1034-115 AD सम्म आफ्नो शासनव्यवस्था चलाएका थिए । राजा अनोरथको शासनकालमा उनको राज्यमा महायानी धर्मको विस्तार भएको थियो । त्यस समयमा महायानी भिक्षुहरूलाई 'अरि भिक्षु' भनेर सम्बोधन गर्ने गरिन्थ्यो । अनोरथ राजाले राज्यविस्तारको क्रममा उहाँको भेट एक जना थेरवादी भिक्षु (शीन अरहं) धम्मदस्सी महाथेरसँग भएको थियो । यसरी थेरवादी भन्तेसँगको भेटपश्चात् उहाँले वास्तविक धर्मलाई हृदयदेखि जान्ने अवसर प्राप्त गर्नुभयो । यस्तो अमूल्य धर्मबाट म र मेरा जनता वञ्चित रहेछ । भन्ने विचार गरी आफ्नो राज्यमा रहेको महायानी धर्म हटाएर थेरवादी धर्म ल्याउने प्रण गरी आफू त्यस दिनबाट थेरवादी बन्न पुगे । आफ्नो उद्देश्य पूरा गर्ने विचार गरी नजिकको राज्यमा थेरवादी धर्म भएको र त्यस धर्मलाई आफ्नो देशमा ल्याउनको लागि राजा अनोरथले मित्रताको हात बढाइ पत्राचार गरे । तर अपशोच टथौंका राजा मनोहरले त्यस पत्रको अनादर गरी तिमीहरू जस्तो लडाकु, झगडा मनपर्नेहरूको लागि यो धर्म योग्य छैन भन्ने उत्तर दिए । राजा अनोरथले आफ्नो सोचाईभन्दा फरक सन्देश सुनेर रिसाउँदै धर्मको लागि टथौंमा युद्धले नै जित्ने र धर्म ल्याई प्रचारप्रसार गर्ने अठोट गरी टथौंमा युद्धको घोषणा गरे । विजय पनि हासिल गरे । युद्धपछि राजा मनुहा (Manuha) लाई बन्दि बनाएर ल्याइयो ।

यसरी विजय हासिल गरेपछि राजा अनोरथले त्यहाँ भएका अरि भिक्षु (महायानी भिक्षु) हरूलाई चीवर त्यागी देशबाट निष्काशन हुन आदेश दिनुभयो । यसरी सम्पूर्ण अरी भिक्षुहरूलाई हटाएर शुद्ध थेरवादी शासनको स्थापना गरे । जुन परम्परा हालसम्म पनि निरन्तर रूपमा रहेको छ । त्यस समयमा विकृतिको रूपमा व्याप्त भएको महायानी धर्म जसमा अरि भिक्षुहरूले धर्मको नाममा नराम्रो संस्कार बसाएका थिए र जाँड-रक्सी खाने गरेको नराम्रो प्रथालाई हटाएर देशमा शुद्ध धर्मको स्थापना गर्न सफल राजा अनोरथलाई धार्मिक राजाको रूपमा मान्ने गरिन्छ ।

यसरी थेरवादी शासनको स्थापना भएपछि वगानमा धेरै चैत्य र महाविहारको स्थापना भएको थियो । देशैभरि धर्म प्रचारप्रसार गर्ने र चैत्य स्थापना गर्ने प्रथा नै चलेको थियो । जसमध्ये वगानका केही प्रमुख चैत्यहरू–

१) स्वेजीगन चैत्य (1044-77 A.D.)
२) आनन्द मन्दिर (1105 A.D.)
३) मनुहा मन्दिर (1067 A.D.)

**१) स्वेजीगन चैत्य (Shwezigon Pagoda) 1044-77 A.D.**

स्वेजीगन चैत्यको सुरुवात राजा मनोरथले गरेका थिए । कार्य सफलताको लागि उनले यस चैत्यको सुरुवात गरेका थिए । तर यसलाई पूरा गर्ने काम भने उनका छोरा च्यासेताले गरेका थिए । वगानको सुरुवातमा यस चैत्यको दर्शन गर्नुपर्छ भन्ने जनविश्वास रहेको पाइन्छ ।

**२) आनन्द मन्दिर (Ananda Temple) 1105 A.D.**

आनन्द मन्दिरको निर्माण राजा च्यासेताले गरेका थिए । यसको बनावट र भगवान्को अनुहार स्थानअनुसार फरक देख्न सकिन्छ, यहाँको प्रख्यात मन्दिरमध्येको एक हो र यसको छुट्टै विशेषता रहेको पाइन्छ ।

**३) मनुहा मन्दिर (Manuha Temple) 1067 A.D.**

यस मन्दिर मनोहर राजाले बनाएका थिए । आफ्नो राज्य, धन-सम्पत्ति सबै हारेपछि बन्दी अवस्थामा भएको दुःख र मनको उकुस-मुकुस दर्शाउने उद्देश्यले आफ्नो हातको औँठी (गहना) बेचेर सोही पैसाले यो मन्दिरको निर्माण गरेका थिए । मन्दिरमा रहेको सानो ठाउँमा ठूलो मन्दिर अप्ठेरो भएजस्तो विचित्र देखिने मूर्ति ज्यादै सुन्दर छ । मूर्ति हेर्दा मनोहर राजाको पीडालाई हामीले अनुभव गर्न सक्छौं । यो पनि ज्यादै सुन्दर र छुट्टै मनोभाव बोकेको मन्दिरको रूपमा प्रख्यात छ ।

तसर्थ बर्मामा हालसम्म पनि धर्मको प्रभाव रहेको थेरवादी देशको रूपमा लिन सक्छौं । गाउँदेखि सहरसम्म



Downloaded from http://www.dhamma.digital

हरेक कुनामा हामीले भगवान्‌को चैत्य स्तुपा देख्न सक्छौं। बुद्धधर्मको प्रभाव हृदयमा बसेको देखिन्छ । प्रत्येक मानिसको बोली-व्यवहारमा धर्म देख्न वा अनुभव गर्न पाइन्छ । यसै गरी थेरवादी शासनको मूल जरा भएको देश बर्मा हो । जहाँ पाँचौं संगायनमा 'त्रिपिटक' लाई पूरै सिङ्गमर्मरमा कोरिएर सुरक्षित गरिराखेको छ । जसलाई हामीले अहिले पनि देख्न सक्छौं । छैठौं संगायना पनि बर्मामा नै सम्पन्न भएको थियो । भगवान्‌को धर्मलाई पालन गरी 'त्रिपिटक' लाई हालसम्म सुरक्षित राख्ने विश्वकै नमुना देशको रूपमा बर्मालाई लिन सकिन्छ । भगवान्‌को मन्दिरलाई सुन्दर तरिकाबाट सजाइएको पाइन्छ कि रातको झिलिमिलीमा हामी कतै स्वर्गमा छौं कि भन्ने आभास हुन्छ। प्रत्येक मन्दिरमा सुनौलो सुनको जलप त कतै असली सुन राखेर श्रद्धापूर्वक चैत्य बनाइएको छ । जेटको चैत्य साँझको समयमा देखिने दृश्य ज्यादै मनमोहक र सुन्दर देखिन्छ । चारैतिर चैत्य स्तुपा र बाटोमा सधैंको लहर देख्दा भाव विभोर भएर आउँछ ।

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| *मिति २०७४-७५* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| २०७४ साल चैत्र ११ गते, अष्टमी, आइतवार | अमता | वीर्यवती |
| २०७४ साल चैत्र १७ गते, पूर्णिमा, शनिवार | अमता | धम्मवती |
| २०७४ साल चैत्र २५ गते, अष्टमी, आइतवार | क्षान्तिवती | त्यागवती |
| २०७५ साल वैशाख १ गते, संक्रान्ति, शनिवार | शुभवती | धम्मवती |
| २०७५ साल वैशाख ३ गते, औंशी, सोमवार | सुवण्णवती | खेमावती |

## नेपालया लुम्बिनी जन्म जूम्ह भगवान् बुद्ध

✍ **कृष्ण किपू**
*की.न.पा.-१०, भरिया पुखुसी*





नेपाः देया ऐतिहासिक
पुण्यभूमी लुम्बिनी
कपिलवस्तुया महाराज
अबु सुद्धोदन माँ
महारानी मायादेवीया
कोखय् जन्म जुयाः
राजकुमार सिद्धार्थ
थःगु राजकुमार पद
लिपा महाराज जुईगु
अले परम सुन्दरी
जीवन संगीनी काय्
राहुल कुमार नापं
फुक्क त्याग यानाः
प्राणीजगतया हीत जुईगु
विश्व शान्तिया निमित्त
नीगुदं वैसय्
खुदंतक घनघोर
कठोर तपस्याया इले
थी थी वःपिं मारगणयात
शान्ति व मैत्री भावं त्याकाः
बोधिज्ञान प्राप्त यानाः
सम्यक सम्बुद्ध जुयाः
एसिया महादेशया
चन्द्र सूर्य स्वयाः थीगु जः
विश्व शान्तिवादीया
मुख्यम्ह नायो जुयाः
पीन्यांदतक त्यानु मचासे
सवारी साधनया वास्ता मयासे
न्यासि हे बिज्यानाः
देश व विदेशजक मखु
गांगामे निसें
जंगलया कुं कुलामेतक
बुद्ध धर्म संघया
अनमोल उपदेश बियाः
चयदंया वैसे
निर्वाण जुया बिज्यात
शाक्यमुनि सिद्धार्थ
गौतम बुद्ध धायकाः ।



Downloaded from http://www.dhamma.digital

# चार अनमोल दृष्टि–बुद्ध हुनु अघिका प्रेरणास्रोत

✍ **लेख रत्न शाक्य,** ढल्को

दर्शन पाए असित, ऋषिले,
जव शिशुलाई स्पर्श गरे,
क्षणमा हाँसे र क्षणमा रोए,
दृष्य त्यो देखी शुद्वोदन विष्मयमा परे ॥१॥

असित बोले, जव सोधे कारण,
राजन ! यिनी दरवार बसे चक्रबर्ती,
दरवार छोडे महान धर्म सुधारक,
महामानव बुद्ध बनि संसार हाँक्नेछ ॥२॥

यस युगका बालबालिका जस्तै
सिद्धार्थको बाल्य जीवन उस्तै
फरक त्यति हो उनी चिन्तनमा हुन्थ्यो
जन्म, मृत्यु, विरामी र सन्त जीव किन हुन्थ्यो? ॥३॥

तिम्रो पलपल क्षणको मधुर हाँसोले,
क्षण क्षण तिम्रो मधुर ध्वनिको बोलीले,
सारा महल हर्षोल्लासले दरवार नृत्यमा रम्थ्यो
सारा कपिलवस्तु राज्य शान्ति र आनन्दमा रमायो ॥४॥

विरक्ती सँगै सिद्धार्थ युवावस्थामा पुगे,
मन दरवार मै बन्दी बन्न चाहेनन्,
भ्रमण आज्ञा लिन सभा भवन पुगे,
जीवनचक्र बुझ्न शहर डुले राजकुमार ॥५॥

भेट भयो पहिलो भ्रमणमा एउटा बृद्ध मान्छे,
दोस्रो भ्रमणमा एउटा विरामी मान्छे देखे,
तेस्रो भ्रमणमा मरेको मान्छेको मलामी देखे
चौथो पटक देखे पहेँलो चीवरमा एउटा भिक्षु ॥६॥

चार दृश्यले दरवार त्याग्ने निष्कर्षमा पुगे ।
समाज, र जगतको उद्धार हुने ठाने उन्ले ।
द्वन्द, मारकाट, झैझगडा बन्द र शान्ति हुने ठाने ।
मान्छे मान्छे वीच प्रेम, सद्भाव र भाईचारा बढ्ने ठाने ॥७॥

ती चार घटनालाई बलिया किला ठाने उन्ले,
दृढ, समर्थन फैलाउने उदेश्यले
कार्यमा लाग्ने दृढ सँकल्प गरे उन्ले ।
दरवार बने बाधक उन्को इच्छा नपुऱ्याउने ॥८॥

राजा शुद्वोदन सबै दुःखदर्द सहन तयार भए,
सिद्धार्थलाई बाहिरी संसार नदेखाउने निधोसाथ,
राजकुमारको भिक्षु बन्ने तिब्र चाहनालाई
निश्तेज गर्न उद्दत भए राजा शुद्वोदन ॥९॥

राजा बुद्धिमान र प्रजावत्सल थिए नै,
साथमा पुत्रवत्सल पनि उनी थिए,
जुन कुरा नहोस् भन्ने उनी चाहन्थे,
भाग्यले अन्यथा नगरे त्यो नहोस् भन्दथे ॥१०॥

तन्नेरी उमेरका सिद्धार्थ चिन्तित मन,
सुखसयल भन्दा संसारिक बेदनामा डुब्दै
बृहत दुःख निवारणमा हराउँदैथ्यो,
जीवनका दुःख निवारण गर्नेमा सोच्दथ्यो ॥११॥

छोरा, पत्नी र गृह त्याग गरे सिद्धार्थले,
एउटा दिव्य जीवनको खोजी गर्न हिँडे ।
सत्यको शिक्षा ग्रहण गरे अनेक तरीकाले,
यो जगत कसरी कसले शासन गरिरहेछ ॥१२॥

अन्तहीन दृढ प्रतिज्ञाका साथ
६ वर्षको अनवरत तपस्या पछि
बैशाख पूर्णिमाको एकाविहान,
बोधीज्ञान प्राप्त गरी बुद्ध बने ॥१३॥

वहाँ तथागत भगवान बुद्ध बन्नु भयो,
त्यसपछी बुद्ध उपदेश जगतमा फैलाउन,
सत्य र करूणाको भावना फैलाउन,
मान्छे मान्छेमा बोधिसत्त्व भावना निर्माण गर्न लागे ॥१४॥

अहिँसा पर्मोधर्म भन्ने उपदेश फैलाए,
पशुपन्छिको हिंसा मानव धर्म होइन भन्ने सिकाए,
चौपायाको अधिकारलाई अधिक सम्मान गर्न सिकाए,
प्राणी मात्रले दीर्घ जीवन जिउने कला सिकाए । ।१५॥

व्यवहारिक, अलौकिक र प्रयोग जन्य धर्म दिए,
बुद्ध संसारमा सर्व प्रसिद्ध भईकन आए ।
परिबर्तन दिए त्यसले सामाजिक वृतमा
लोकजनहरू उत्साहित, प्रफुल्लित भए ॥१६॥



Downloaded from http://www.dhamma.digital

स्वास्थ्य सम्बन्धी केही जानकारी

# औषधिबिना कब्जियत हटाउने घरेलु उपचार

✍ डा. दिव्यरत्न वज्राचार्य

कब्जियतको रोगीलाई औषधिभन्दा खानपान एवं पथ्यापथ्यको विशेष ध्यान दिनु आवश्यक हुन्छ। खाँदाखेरि यस्तो वस्तुको प्रयोग गर्नुपर्छ, जसले खाएपछि स्वतः पेट सफा रहन सकोस् । कब्जियतको कारणले शरीरमा अनगिन्ति रोगहरू लाग्न सक्छन्। कब्जियत भएको रोगीले बिहान सबेरै उठ्नेबित्तिकै चिसो पानीले राम्रोसँग नुहाउनु पनि राम्रो हुन्छ । पौडी खेली नुहाएमा पनि धेरै उत्तम हुन्छ । कोही पनि कलेजोको बिरामीको कारण खाएको राम्रोसँग पाचन नभई कब्जियतको शिकायत धेरै दिनसम्म भइरहे अथवा पेटमा वायु जम्मा भएर जसको दिसा सफा भएको छैन, त्यस्तो व्यक्तिले बिहान सबेरै डुल्नु, दौड्नु र व्यायाम गर्नु र प्रतिदिन एक छटाक पेस्ता खानु र महिको सेवन गर्नाले रोग बिस्तारै घट्छ । व्यायाम लगातार जारी राख्नुपर्छ। त्यसले जिर्ण भइसकेको स्वास्थ्य फेरि प्राप्त हुन्छ । सबै प्रकारको ताजा फलहरू कब्जियतको लागि विशेष लाभदायक छ। मेवा सर्वोत्तम छ।

अन्नमा सबभन्दा राम्रो चना हो। यसलाई भिजाएर खानु उत्तम छ । यदि भिजाएको चना राम्ररी पचेन भने त्यस बखत चनालाई उसिनेर नून, अदुवा आदि हाली खानु असल छ। कोही-कोही दाल चनालाई भिजाएर खाने गर्दछन्। तर त्यसरी खानुभन्दा बोक्रा भएको गेडा चना नै खानु राम्रो हुन्छ। प्रत्येक अन्नको बोक्रामा कब्जियत हुन नदिन प्रसस्त मात्रामा शक्ति हुन्छ। अचेल खानामा बोक्रा-बोक्रा फाली राम्रो र स्वादिलो बनाएर मात्र खाने चलन छ। तर त्यसमा रहेको गुणकारी तत्त्वहरू फाली खाने गरिएकोले कब्जियत भई विभिन्न रोगले मानिसलाई सताउने गर्दछ।

गहुँको र चनाको खोस्तासमेत भएको पिठोको रोटी पकाई खानु सबैभन्दा राम्रो हुन्छ । उसिनेको चना अथवा गहुँ मिलाएको चनाको पिठोको रोटी कब्जियतको लागि साँच्चै नै धेरै राम्रो काम गर्ने हुन्छ। जुनसुकै अन्नको रोटी खाए पनि त्यसको खोस्टा अलग नगरी खानुपर्छ। खोस्तासहितको रोटी खानाले पेटमा कब्जियत हुन पाउँदैन । मेसिनबाट पिनेको पिठो खाँदा स्वादिलो भए तापनि यसमा कब्जियत नष्ट गर्ने शक्ति हुँदैन । गहुँको दाल पकाई खाँदा पनि फाइदा गर्छ । गहुँलाई उसिनेर त्यसमा स्वादअनुसारको नून मिलाई खाँदा अति फाइदाजनक हुन्छ। जाँतोमा पिनेको चोकरसहितको रोटी खानु कब्जियतलाई असाध्यै राम्रो हुन्छ । खाँदा राम्रोसँग दाँतले चपाई-चपाई खानुपर्छ। काजु, अंजिर, सुकेको मेवा, खजूर, पेस्ता, दाँतेओखर, नरिवल आदि खानु पनि हितकर छ।

सागपात र हरियो तरकारी खानु लाभदायक छ। खान सक्यो भने सबभन्दा राम्रो रायोको साग पकाई नून, जीरा हाली भातको सट्टा पेटभरि खानाले कब्जियतको सिकायत अनुभूति कहिल्यै हुँदैन; किनकि जसरी कुचो आदिले कुनाकाप्चा, भुइँमा भएको फोहोर-मैलालाई सफा गर्दछ, त्यस्तै गरी रायोको सागले पनि आन्द्राको झिल्लीमा अड्केर रहेको मललाई राम्ररी निखारेर सफा गर्न मद्दत गर्दछ।

पाकेको बेलको सर्वत पनि यसको लागि अति नै गुणकारी हुन्छ। यसले आन्द्रामा गोटी बनेर रहेको मल सफा गरी निकालिदिन्छ । बेलचाहिँ पाकेको र ताजा हुनुपर्छ । सधैँ-सधैँ कब्जियत हुनेको लागि इसवगोलको सेवन पनि धेरै फाइदाजनक छ। यसको बीज ६ घण्टासम्म पानीमा भिजाई खानु राम्रो हुन्छ। यसको खोस्तारहितको पानी खान सकिन्छ। यो दिसा लाग्ने चीज होइन। पुरानो आउँको कारण हुने कब्जियतको लागि योभन्दा उत्तम चीज अरू पाइँदैन। दाल, घ्यू र गुलियो धेरै खानु हुँदैन। दूध, दही र मोहीको व्यवहार उत्तम छ; किनकि यसले कब्जियत नाश गर्छ। बिहान सबेरै खुला हावामा बिस्तारै-बिस्तारै हिँड्ने-दौड्ने गर्नाले पनि कब्जियत नाश हुन्छ। कब्जियतमा मासु, रक्सी, चिया, कफी, खुर्सानी, मसलाहरू, मिठाई, भात, मैदा, खोस्तारहित-मेसिनबाट पिनेको पीठो, रातमा जागी रहनु, खानापछि दिनमा सुत्नु आदि निषेध (वर्जित) मानिन्छ।

*साभार- 'आयुर्वेद', वर्ष २, अङ्क २, पूर्णाङ्क ३, कार्तिक २०५९*



Downloaded from http://www.dhamma.digital

# दकले तःधंगु दुःख– जन्म

✍ सुनिता मानन्धर

दिपय् सीम्ह । थःथिति सकसियां ख्वःसः । स्वयाच्वंपिनि मिखाय् नं ख्वबि लःलः धाः । 'गपायच्व दुःख जुल । सी हे मत्यवं सित । छँय् च्वंपिनि दुःख जुइगु जुल । छँया हामा । कमे याना: नकीम्ह ।' सकसियां म्हुतुइ छता छता खँ । अनया ख्वःसः कोलाहलं मन पिपि च्याः । लँय् जूपिं नं छक्वः थिङ्ग दं । छु जुयाः सीगु ? सु सीगु ? अनया विलाप सलय् आक्रोश दु । हीमीचाःगु पह दु । दुःख व वेदनाया सः दु । थन तःधंगु दुःखं कल । सुं सित । सुयां जाति बन्धु मन्त । संसारं तापाक वन । सदां थः नापं च्वंम्ह । थः नापं सुख-दुःखया खँ ब्याःम्ह । नापं ब्वलंम्ह । छँ जः सकसियां लिधंसा । छँया थां । थुलि जक मखुसें थः सन्तान जूसा झन अति मतिना यानातःम्ह । वया लागिं धकाः जीवन पाःम्ह । थज्याःम्ह मन्त कि दुःख जुइगु स्वाभाविक हे खः । सीगु वा सुयां मृत्यु जुइगु दुःख सिवाय् सुख गबलें जुइ मखु ।

खयत ला जन्म जुसेंलि मृत्यु जुइगु संसारया रित खः । तर नं मृत्युयात आत्मसात याये थाकु । जन्मकाःछि सुं अजर-अमर जूगु मदु । थ्व वास्तविकतायात थुइके थाकु । बुद्धकालय् कृषा गौतमी थुकियात आत्मसात याये मफुगु खः । थः अतिकं यःम्ह नच्चाम्ह मचा । उकिसनं कायमचा सित । व अतिकं ख्वल । व थाय्थासय् वन । थःत तःधंगु दुःख वःगु तायेकल । सीम्ह मचायात ज्वनाः उखेंथुखें वन । अन्तय् तथागत बुद्धया शरणय् वन । तथागत बुद्धया कारणं मृत्यु सत्ययात बोध यात । सीगु व सिना वनेमाःगु वास्तविकतायात थुइकल । थःत वःगु दुःखया नापं आत्मसात यात ।

सुं सीवं शोक-सन्ताप यायेगु स्वभाविक खः । थ्व मनू जक मखु हरेक प्राणीया स्वभाव नं खः । गुलिं सः पिकयाः विलाप याइ । गुलिं थःगु नुगलं दुःखी जुइ । शोक-सन्तापया कारणं असह्य वेदना नं पिदनी । थ्व दुःखया छगू कारण नं खः ।

थन सकतां थम्हं धया थें दइ मखु । मनंतुंगु पूवनी मखु । थः अतिकं माया याःपिंनाथ बाया च्वने माली । थः सर्वस्व भाःपिउपिं नाप च्वने मदयेयः । थुकिया कारणं दुःखी जुइपिं म्हो मजू । अझ खः मतिनामिनाप बाये मालाः आत्महत्यातकं याइ । गुलिं थः मतिनामिनाप च्वनेत मेपिंत स्याइ । दुःख बी । थः जन्मदाता थःथितिपिं नापं ल्वाना जुइ । वनाप च्वनेगु हे जक सुख भाःपी । तर थ्व सदां स्थिर जुइ मखु । बुद्धकालय् पटाचारां थः मतिनामिया लागिं थःगु महल त्वःतल । थः यःम्हनाप च्वनेत जङ्गलया वासय् तकं सुख तायेकल । थाकुयात नं अःपु भाःपिल । तर वया इच्छा ताः ईतक मल्यन । जङ्गलय् सिँ काःवंम्ह भाःत सर्पं न्यानाः सित । थः मस्त निम्ह नं मदयेका च्वनेमाल । थःत यःपिं थःनापिं मदयेवं वया होश हे छखे लात । व सी व म्वायेया दथुइ लात । बेहोसीया हालतय् पचिनांगा जुल । उखेंथुखें थःगु सुरय् चाःहिउ जुल । पटाचारायात अतिकं दुःखं कल । थःगु दुःख सह याये मफुत । थः यःपिं सदां दइ मखु धइगु वास्तविकतायात ध्वाथुइके मफुत । वयात मानसिक दुःखं कल । वयाके दौर्मनस्य ब्वलन । थ्व हे दौर्मनस्यया कारणं व बेहोस जुल । दौर्मनस्यया कारणं मनू ख्वइ । चिल्लाय् दनी । आत्महत्या याइ । विष नइ । ख्वयाः वा सिनाः दुःखं मुक्त जुइगु तायेकी । थुकिं चित्तय् जक पीडा जुइगु मखु । शरीरय् नं पीडा ब्वलंकी ।

सकलें यः जुइ मखु । थःत मयःपिं नं दइ । थःगु बिचाःनाप पाःपिं न दइ । तर थःत मयःसां उपिंनाप हना च्वने माली । थःत मयःम्ह, थम्हं मनं मखंम्ह नापं च्वनेमाःगु नं दुःख । अप्रिययात खनेवं मनंनिसें दुःखी जुइ । थुकिया कारणं कलह ब्वलनी । ल्वय् ब्वलनी । चित्तयात असन्तुष्ट याना बी ।

प्राणीया जीवन सदां उथें जुइ मखु । ईकथं हिलावनी । परिस्थिति कथं पानावनी । छुं ई न्ह्यः निरोगी स्वस्थ जुइफु । तर पलख लिपा हे ल्वचं कयेफु । थन वैंस वनेमाः धइगु नं मदु । नकतिनि बूम्ह मचा जुइमा वा ल्यायम्ह बुराबुरि न्ह्याम्हेसितं ल्वचं कइ । ल्वचं कयेगु दुःख ब्वलनेगु स्वाभाविक हे खः । थःगु शरीर थम्हं धाःथे दइ मखु । नये-त्वने थःगु इच्छा कथं जुइ मखु । गनं वनेगु च्वनेगु थाय्तकं दइ मखु । थःथिति छेँजःपिंसं तकं वास्ता मयायेफु । थुगु इलय् थःत थःहे बोझ जुइ । अले दुःखी व निराश जुइ । जन्म कासेंलि ल्वचं मकःपिं दइ मखु । तःधंगु ल्वय् जुइमा वा चीधंगु हरेक प्राणीया शरीरय्

( क्रमशः पेज ४२ )



Downloaded from http://www.dhamma.digital

# Significance of Vesak

✍ **Ven Mahinda**

The significance of Vesak lies with the Buddha and his universal peace message to mankind.

As we recall the Buddha and his Enlightenment, we are immediately reminded of the unique and must profound knowledge and insight which arose in him on the right of his Enlightenment. This coincided with three important events which took place, corresponding to the three watches or periods of the night.

During the first watch of the night, when his mind was calm, clear and purified, light arose in him, knowledge and insight arose. He saw his previous lives, at first one, then two, three up to five, then multiples of them, ten, twenty, thirty to fifty. Then 100, 1000 and so on. As he went on with his practice, during the second watch of the night, he saw how beings die and are reborn, depending on their Karma, how they disappear and reappear from one form to another, from one plate of existence to another. Then during the final watch of the night, he saw the arising and cessation of all phenomena, mental and physical. He saw how things arose dependent on causes and conditions. This led him to perceive the arising and cessation of suffering and all forms of unsatisfactoriness paving the way for eradication of all faints of cravings. With the complete cessation of craving, his mind was completely liberated. He attained to full Enlightenment. The realization dawned in him together with all psychic powers.

The wisdom and light that flashed and radiated under the historic Bodhi Tree at Buddha Gaya in the district of Bihar in Northern India more than 2500 years ago, is of great significance to human destiny. It illuminated the way by which mankind could cross from a world of superstition, or hatred and fear, to a new world of light, of true love and happiness.

The heart of the Teachings of the Buddha which remains a universal message to mankind is contained in the teachings of the Four Noble Truths, namely,

The Noble Truth of Dukkha or Suffering

The Origin or Cause of Suffering

The End or Cessation of Suffering

The path which leads to the cessation of all sufferings.

The first Noble Truth is the Truth of Dukkha which has been generally translated as "suffering". But the term Dukkha, which represents the Buddha is view of life and the world, has a deeper philosophical meaning. Birth, old age, sickness and death are universal. All beings are subject this unsatisfactoriness. Separation from beloved ones and pleasant conditions, association with unpleasant persons and conditions, and not getting what one desires. These are also sources of suffering and unsatisfactoriness. The Buddha summarises Dukkha in what is known as the Grasping Aggregates. Herein, lies the deeper philosophical meaning of Dukkha for it encompasses the whole state of being or existence.

Our life or the whole process of living is seen as a flux of energy comprising of the five aggregates, namely the Aggregate of Form or the Physical Process, Feeling, Perception, Mental Formation and Consciousness. These are usually classified as mental and physical processes, which are constantly in a state of flux or change.

When we train our minds to observe the functioning of mental and physical processes,



Downloaded from http://www.dhamma.digital

we will be able to realize the true nature of our lives. We will see how it is subject to change and unsatisfactoriness. And as such, there is no real substance or entity or self which we can cling to as 'I', 'MY' or 'MINE'.

When we become aware of the unsatisfactory nature of life, we would naturally want to get out from such a state. It is at this point that we begin to seriously question ourselves about the meaning and purpose of life. This will lead us to seek the truth with regards to the true nature of existence and the knowledge to overcome unsatisfactoriness.

From the Buddhist point of view, therefore the purpose of life is to put an end of suffering and all other forms of unsatisfactoriness to realize peace and real happiness. Such is the significance of the understanding the realization of the First Nobel Truth.

The second Noble Truth explains the origin or Cause of Suffering. Tanha or Craving is the universal Cause of Suffering. It includes not only desire for sensual pleasures, wealth and power, but also attachment to ideas, views, opinions, concepts and beliefs. It is the lust for flesh, the lust for continued existence (or externalism) in the sensual realms of existence, as well as the realms of form and the formless realms. And there is also the lust and craving for non existence (or nihilism). These are all different forms of selfishness, desiring things for oneself, even at the expense of others.

Not realizing the true nature of one's self, one clings to things which are impermanent, changeable and perishable. The failure to satisfy one's desires through these things causes disappointment and suffering.

Craving is a powerful mental force present in all of us. It is the root cause of our sufferings. It is this craving which binds us in samsara- the repeated cycle of birth and death.

The third Noble Truth points to the cessation of Suffering, where there is no craving, there is no becoming, no rebirth, where there is no rebirth, there is no decay, no old age, no death, hence no suffering. That is how suffering is ended, once and for all.

The fourth Noble Truth explains the Path or the way which leads to the cessation of suffering. It is called the Noble Eightfold Path.

The Noble Eightfold Path avoids the extremes of self-indulgence on one hand and self-torture on the other. It consists of Right Understanding, Right Thought, Right Speech, Right Action, Right Livelihood, Right Effort, Right Mindfulness and Right Concentration.

The Path Factors maybe summarized into 3 stages of training, involving morality, mental culture and wisdom.

Morality or good conduct is the avoidance of evil or unwholesome actions- actions which are tainted by greed, hatred and delusion and the performance of the good or wholesome actions- actions which are free from greed, hatred and delusion, but motivated by liberality, loving-kindness and wisdom.

The function of good conduct or moral restraint is to free one's mind from remorse (or guilty conscience). The mind that is free from remorse (or guilt) is naturally calm and tranquil, and ready for concentration with awareness. The concentrated and cultured mind is a contemplative and analytical mind. It is capable of seeing cause and effect, and the true nature of existence, thus paving the way for wisdom and insight.

Wisdom in the Buddhist context, is the realization of the fundamental truths of life, basically the Four Noble Truths. The understanding of the Four Noble Truths provide us with a proper sense of purpose and direction in life. They form the basis of problem-solving.

The message of the Buddha stands today as unaffected by time and the expansion of



Downloaded from http://www.dhamma.digital

knowledge as when they were first enunciated. No matter to what lengths increased scientific knowledge can extend man's mental horizon, there is room for the acceptance and assimilation for further discovery within the framework of the teachings of the Buddha.

The teaching of the Buddha is open to all to see and judge for themselves. The universality of the teachings of the Buddha has led one of the world's greatest scientists, Albert Einstein to declare that "if there is any religion that could cope with modern scientific needs, it would be Buddhism".

The teaching of the Buddha became a great civilizing force wherever it went. It appears to reason and freedom of thought, recognizing the dignity and potentiality of the human mind. It calls for equality, fraternity and understanding, exhorting its followers to avoid evil, to do good and to purify their minds.

Realizing the transient nature of life and all worldly phenomena, the Buddha has advised us to work out our deliverance with heedfulness, as "heedfulness is the path to the deathless".

This clear and profound teachings on the cultivation of heedfulness otherwise known as Satipatthana or the Four Foundations of Mindfulness, is the path for the purification of beings for the overcoming of sorrows and lamentation, for the destruction of all mental and physical sufferings, for the attainment of insight and knowledge and for the realization of Nibbana. This has been verified by his disciples. It is therefore a path, a technique which may be verified by all irrespective of Caste, Colour or Creed.

*Source- Vesak '91*
*Australian Buddhist Mission. INC.*

❖

## The Aphorisms of Ashin Janakabhivamsa

– If you do insight meditation,
  You will gain wisdom,
  If you have developed wisdom
  You will be able to remove avijja (ignorance)

– If you do meditation, you will attain stability of mind. Only when the mind is stable can you get rid of desires and passions.

– In Buddhism, there are practical methods of Practice.

***"A wise person may not always be a man in all matters,***
***A woman, with discerning wit in a given situation,***
***May herself also prove to be a wise person."***

*- Bhadrakundalakeshi Theri (Theri Gatha)*

***"What should the woman`s nature to do with them (or hinder)***
***Whose hearts are firmly set, who, ever move,***
***with the growing knowledge onward in the path.***

*- Soma Theri (Theri Gatha)*



Downloaded from http://www.dhamma.digital

# Concept of God

This is how imagination and humanism eventually fused together to become religion. Some people say that it is difficult to believe that any god created religion. Perhaps we could say that man created religion and later introduced the concept of a god into religion. An American philosopher, Prof. Whitehead, once stated that originally man created god and later god created man. What he meant was that the concept of god was created by man and later this concept was transformed into divinity. On the other hand, a French philosopher, Anatole France said that if the concept of god did not exist. Somehow or other, man would have created one because it is very important for his psyche. A divine power is necessary to alloy our innate fear suspicion, worries, disturbances, anxiety, and craving. To avoid problems we depend on an external force to give us solace. Knowing the nature of the human mind, therefore, Anatole France said that if a god did not exist we would have to create one.

In this sense we are just like children. When a small baby is crying and the mother is too busy to carry it, what she does is to put a treat in its mouth to comfort it. That will stop the baby from crying. The concept of god helps many people in this manner. To stop their worries and dry their treats they develop various pacifiers in the form of religious beliefs and practices.

**The Buddha -**

It was in a religious climate such as this that the Buddha appeared. As a prime living in the lap of luxury he started to think very deeply on why living beings suffer in this world. What is the cause of this suffering? He asked. One day while he was sitting under a tree as a young boy, he saw a snake suddenly appear and catch a frog. As the snake and the frog were struggling an eagle swooped down from the sky and took away the snake with the frog still in its mouth. That incident was the turning point for the young prince to renounce the world by life. He began to think about how living beings on the earth and in the water survive by preying on each other. One life form tries to grab and the other tries to escape and this eternal battle will continue as long as the world exists. This never ending process of hunting, and self preservation is the basis of our unhappiness. It is the source of all suffering. This Prince decided that he would discover the means to end this suffering.

**Renunciation -**

He studied under various religious teachers and learnt everything they had to teach but was unable to discover how to end suffering. He spent many years pondering this question. Finally at the age of 29 he seriously contemplated on old age, sickness, death and decided that without giving up his worldly preoccupations and his responsibilities and pleasures it would be impossible for him to find the answer. That is why he had to leave the palace in what is known as "The Great Renunciation". After struggling for six years, which represented the culmination of endless life cycles of cultivation and struggle for spiritual development, the finally gained enlightenment and understood the secret of our suffering. This was the beginning of another "religious system". But it was a religion like nothing anyone had known in the past. In fact many people today do not even like to call Buddhism a religion, because the word "religion" evokes a great many negative emotions in their minds.

*Source "Buddhism as a Religion" Dr. K. Sri Dhammananda.*

❖



Downloaded from http://www.dhamma.digital

# Development of the Noble Eightfold Path

The constituents of the Path are:

1. Sammaditthi- Right views
2. Sammasankappa- Right thoughts or intentions
3. Sammavaca- Right speech
4. Sammakammanta- Right action
5. Sammaajiva- Right livelihood
6. Sammavayama- Right effort
7. Sammasati- Right mindfulness
8. Sammasamadhi- Right concentration

Among the eight constituents, right speech, right action and right livelihood are grouped in sila magga, the path of morality. If one abstains from for oral sins of lying, slandering, harsh speech and frivolous talk, one may be regarded as practicing the path to right speech. If one abstains from committing the three sins of killing, stealing and incontinents, one would be regarded as practicing the path of right action. If one abstains from the seven kinds of misleads so far described, one would also be regarded as practicing the path to right/livelihood. Thus sila maggas form basic steps to be observed before practicing the law.

Right effort, right mindfulness and right concentration are grouped in samadhi magga, the path relating to calmness of the mind. It is achieved only after samatha concentration. When the watchful mind takes note of each object of samatha and vipassana, he is said to have made the right effort which can accomplish four tasks viz.

1. the task of preventing immoralities that have not yet arisen from arising
2. the task of eliminating immoralities that have already arisen.
3. the task of developing moralities that have not yet been developed and,
4. the task of establishing the moralities that have been developed.

Concentration on the sense object to be observed is right mindfulness. It has two paths, the samatha sammasati, right concentration and vipassana sammasati, right meditation. The pali canon defines right mindfulness as follows:-

